# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा मानवीय वस्तु हो, जसको प्रयोग विचार विनिमय वा सम्प्रेषणका लागि गरिन्छ । भाषा मानिसले मात्र प्रयोग गर्दछन् । मनको कुरा बुझाउनका लागि सबै प्राणीले इशारा, संकेत र बोलीको प्रयोग गर्दछन् तर संकेत वा इशारालाई भाषा मानिदैंन । मानिसका उच्चारण अवयवबाट निस्केका अर्थपूर्ण अभिव्यक्तिलाई नै भाषा मानिन्छ । भाषा समाज र वातावरण सापेक्ष, यादृच्छिक, परम्परित, वाक्प्रतीक र व्यवस्थित हुन्छ ।

भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार आधारभूत सिपहरू हुन्छन् भने यिनलाई आदानात्मक र प्रदानात्मक पनि भनिन्छ । भाषाका चारवटा सिपहरू मध्ये चौथो सिपका रूपमा लेखाइ सिपलाई अभिव्यक्तिको प्रभावकारी माध्यमका रूपमा लिइन्छ । यसमा अभिव्यक्त विचार, धारणा ग्रहण गर्न वक्ता वा अभिव्यक्तकर्ताको आवश्यक हुँदैन (खनिया र अन्य, २०६६ : २२२) । विद्यार्थीहरू लिखित अभिव्यक्तिको माध्यमबाट नै आफूले सुनेर, पढेर, अनुभव गरेर आर्जन गरेका ज्ञानलाई सिलसिला मिलाएर प्रस्तुत गर्दछन् । सुनेका, पढेका र जानेका कुरालाई सवलीकरण गर्नका लागि लेखाइकै आवश्यकता पर्दछ (प्रधान, २०६६ : १६६) । लिखित अभिव्यक्तिमा लेखकले भनेका कुरा पाठकले सहज र सही तरिकाले बुझ्न सही लेखन तथा उपयुक्त वर्णविन्यासका लागि लेख्य चिह्नहरूको प्रयोग आवश्यक हुन्छ । त्यसकारण लेखाइलाई अर्थपूर्ण बनाउनका साथै पद, पदावली, उपवाक्य, वाक्य आदिको अर्थ स्पष्ट बनाउन लेख्य चिह्नहरूको प्रयोग हुन आवश्यक छ ।

अर्थमा फरक ल्याउने र नल्याउने लेख्य चिह्नहरूमा पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, उद्गार, उद्धरण, निर्देशक, योजक, कोष्ठक, तिर्यक, ऐजन आदि नेपाली भाषाको लेखनमा प्रयोग गरिन्छन् (बराल र एटम, २०६६ : ९९) । लेख्य चिह्नको उचित प्रयोगले मात्र लिखित अभिव्यक्ति स्पष्ट हुन सक्छ । शब्द र वाक्यको एक अर्कामा सम्बन्ध जनाउन, भाव र अर्थ राम्ररी लेख्दा वाक्यहरू बुझिने गरी स्पष्ट लेख्नका लागि लेख्य चिह्नको प्रयोग गरिन्छ ।

भाषाको लेखाइमा लेख्य चिह्नहरूको अत्याधिक महत्त्व हुने हुँदा यिनको प्रयोग अत्यन्त सावधानीका साथ गरिन्छ (शर्मा, २०७१ : ५१९) । यसको प्रयोग नभएमा मौखिक भाषामा पनि वक्ता र श्रोताबीच लेखनमा भाषिक कलात्मकता र अर्थ सम्प्रेषणीय बनाउनका लागि लेख्य चिह्नको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । लेख्य चिह्न प्रयोग बिना वाक्य र भाव स्पष्ट हुँदैन, लेखनलाई स्पष्ट र पठनयोग्य बनाउनका लागि लेख्य चिह्नको सही प्रयोग हुनु जरुरी छ ।

## १.२ समस्या कथन

समस्याको परिचय नै अनुसन्धानको विशिष्ट कार्य हो । यसमा जुन समस्याको समाधान गरिने हो, त्यसको पृष्ठभूमि, परिचय, क्षेत्रको विस्तृति दिइएको हुन्छ । जुनसुकै विषय, तथ्य वा घटनाको अध्ययन तथा अनुसन्धान मूलतः कुनै पनि समस्यामा नै आधारित भएर प्रारम्भ गरिन्छ । समस्याको पहिचान बिना त्यसको निष्कर्ष निकाल्न सकिदैंन । यसर्थ अनुसन्धानको शीर्षक समस्यामा आधारित हुनुपर्छ ।

भाषा विचार विनिमयको साधन तथा सामाजिक सम्पर्कको प्रभावशाली र महत्त्वपूर्ण साधन हो । मानव समुदायले आफ्नु जीवन निर्वाह गर्न भाषाको प्रयोग गर्दछन् । भाषिक अभिव्यक्ति लिखित र मौखिक माध्यमद्वारा गरिन्छ । उच्चार्य र श्रव्य भाषालाई मौखिक र व्याकरणिक नियममा आवद्ध भई अथवा लेख्य चिह्नहरूको प्रयोग गरी लेख्य रूपमा उतारिएको भाषालाई लिखित भाषा भनिन्छ । कुनै व्यक्तिले आफ्नु मन मस्तिष्कमा रहेका भाव एवम् विचारलाई लेख्य चिह्नहरूको प्रयोगद्वारा सिलसिला मिलाई व्यक्त गर्नुलाई लेख्य भाषा भनिन्छ । बोलेका, सुनेका कुराहरूलाई व्यवस्थित ढङ्गबाट चिरस्थायी गर्न लेख्य भाषाको आवश्यकता पर्दछ । लेखाइबाट व्यक्त भएको भाषामा ध्वनिको सट्टा लेख्य चिह्नको प्रयोग गरिन्छ । यसरी टाढा रहेका व्यक्तिसम्म आफ्ना भावना पुऱ्याउन, कुनै विचारलाई दीर्घकालसम्म भाषाको आवश्यकता पर्दछ । लेखाइमा वर्णहरूको अव्यवस्थित रखाइले अर्थको अनर्थ भए जस्तै उचित स्थानमा उपयुक्त लेख्य चिह्नको प्रयोग नभएमा व्यक्त गर्न खोजिएको भावको अर्कै अर्थ लाग्न सक्छ । यसर्थ लेखाइलाई स्पष्ट बनाउन पद, पदावली, उपवाक्य र वाक्यको अर्थ वा भाव स्पष्ट बनाउन लेख्य चिह्नको प्रयोग आवश्यक छ ।

भाषालाई व्यवस्थित र अनुशासित तुल्याउनका लागि त्यस भाषाको प्रयोगमा विशेष ध्यान पुऱ्याउनुपर्ने हुन्छ । भाषालाई प्रभावकारी तुल्याउनका लागि लेख्य चिह्नहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कुनै पनि विषयवस्तुका बारेमा लेख्दा लेख्य चिह्नहरूको सम्बन्धमा आवश्यक ज्ञान हासिल गर्नु अपरिहार्य रहन्छ । लेख्य चिह्न प्रयोगका दृष्टिले सबै ठाउँका विद्यालयहरूमा एकरूपता पाउन सकिदैँन । सरकारी र संस्थागत विद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीहरूले नेपाली भाषाको लिखित अभिव्यक्तिमा चिह्नहरू प्रयोग सम्बन्धी विभिन्न त्रुटिहरू गर्ने गर्दछन् तर सबै तह र स्तरमा लेख्य चिह्न प्रयोग सम्बन्धी त्रुटिहरू एकै खालका हुँदैनन् । त्यसैले यस अध्ययनलाई निम्नलिखित समस्यामा केन्द्रित बनाइएको छ :

(क) मोरङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको समग्र लेख्य चिह्न प्रयोग क्षमता के कस्तो छ ?

(ख) सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको तुलनात्मक स्थिति कस्तो छ ?

(ग) लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको अवस्था कस्तो छ ?

## १.३ शोधको उद्देश्य

मोरङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको अध्ययन सम्बन्धी शोधकार्यको उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) मोरङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको समग्र लेख्य चिह्न प्रयोग क्षमता पत्ता लगाउनु,

(ख) सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु,

(ग) लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको अवस्था पत्ता लगाउनु,

## १.४ अध्ययनको उपयोगिता र सान्दर्भिकता

हरेक अनुसन्धानका आ-आफ्नै महत्त्व रहेका हुन्छन् । खास विषय क्षेत्रमा समस्यामा केन्द्रित रहेर अध्ययन अनुसन्धान गरिने हुँदा त्यस समस्याको समाधान गर्न उक्त अध्ययनको महत्त्व रहने गर्दछ । औचित्य बिना कुनै पनि कार्यको थालनी गरिदैँन । तसर्थ प्रस्तुत शोधकार्यको पनि आफ्नै औचित्य वा महत्त्व रहेको छ ।

भाषिक अभिव्यक्तिका लागि मौखिक अभिव्यक्तिले मात्र वक्ता र श्रोता बीच सम्पर्क असम्भव हुने भएकाले कुनै पनि कुरालाई चिरस्थायी बनाउन लिखित अभिव्यक्तिको आवश्यकता पर्दछ । लेखाइ सिप भाषाको औपचारिक प्रयोग हो, त्यसकारण यसमा भाषाको शिष्ट र स्तरीय प्रयोग महत्त्वपूर्ण मानिन्छ । लिखित अभिव्यक्तिद्वारा भावनात्मक पक्षलाई लिपिवद्ध गरी सम्प्रेषण योग्य बनाउनका लागि लेखकले भनेका कुरा पाठकले सहज र सही तरिकाले बुझ्न, सही लेख्न तथा वर्णविन्यासका लागि लेख्य चिह्नको प्रयोग गरिन्छ । लेखाइलाई अर्थपूर्ण बनाउनका लागि पद, पदावली, उपवाक्य र वाक्य आदिको अर्थ स्पष्ट पार्नका लागि लेख्य चिह्नको आवश्यकता पर्दछ । प्रस्तुत शोधकार्य गर्नुको उपयोगिता र सान्दर्भिकता निम्नानुसार व्यक्त गर्न सकिन्छ :

- मोरङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग सम्बन्धी क्षमता थाहा पाउन,
- लेख्य चिह्न सम्बन्धी विद्यार्थीहरूको धारणा थाहा पाउन,
- सरोकारवालाहरूलाई मोरङ जिल्लाका विद्यार्थीहरूको शुद्ध लेखन क्षमताको जानकारी लिन,
- लेख्य चिह्न सम्बन्धी अध्ययन गर्ने आगामी अनुसन्धाताका लागि उपयोगी,

## १.५ अध्ययनको परिसीमा

प्रस्तुत शोधकार्यलाई निम्नानुसार सीमाङकन गरिएको छ :

(क) प्रस्तुत अध्ययन मोरङ जिल्लाको विराटनगर महानगरपालिकाका १० वटा विद्यालयमा मात्र सीमित रहेको छ ।

(ख) प्रस्तुत अध्ययन आधारभूत तहको कक्षा आठको पाठ्यक्रमले निर्देशन गरेका लेख्य चिह्न प्रयोगमा मात्र सीमित रहेको छ ।

(ग) प्रस्तुत अध्ययन विद्यालय प्रकृति, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा मात्र केन्द्रित रहेको छ ।

(घ) प्रस्तुत अध्ययन श्रुतिलेखन, स्वतन्त्र लेखन र वस्तुगत प्रश्न तथा कुनै पनि लेख्य चिह्न प्रयोग नभएको एक अनुच्छेद दिई तोकिएको चिह्न प्रयोग गर्न लगाउने जस्ता परीक्षणमा आधारित रहेको छ ।

(ङ) उक्त परीक्षणबाट प्राप्त तथ्याङ्कका आधारमा व्याख्या तथा विश्लेषणबाट निष्कर्ष निकालिएको छ ।

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारण

## २.१ पूर्वकार्यको समीक्षा

अध्ययनका सिलसिलामा सम्बन्धित विषयमा त्यसभन्दा अघि सम्पन्न गरिएका कार्यहरूको व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (बन्धु, २०६५ : २८) । कुनै पनि अनुसन्धान गर्दा त्यस सम्बन्धी के कस्ता अनुसन्धान भएका छन् भन्ने बारेमा विस्तृत जानकारी हुनुपर्छ, जसले शोधका क्षेत्रमा हुने पुनरावृत्ति निर्मूल गराउन सहयोग गर्दछ अर्थात् पूर्वकार्यको समीक्षाले त्यस विषयमा त्यसबेलासम्म भएका यावत् कृति तथा अनुसन्धानहरूको सामान्य जानकारी दिन्छ । अनुसन्धानका क्रममा सामग्रीको सङ्कलन, वर्गीकरण, विश्लेषण तथा निष्कर्ष निरुपण गरी प्रतिवेदन प्रस्तुत गर्ने तहसम्मका प्रत्येक चरणहरूमा पूर्वकार्यको ढाँचा उपयोगी हुन्छ । तसर्थ प्रस्तुत अध्ययनसँग प्रत्यक्ष अप्रत्यक्ष रूपमा सम्बन्धित पुस्तक र शोध समीक्षा भिन्दा भिन्दै रूपमा प्रस्तुत गरिएको छ :

### २.१.१ पुस्तक समीक्षा

आचार्य (२०५८) द्वारा *आधारभूत नेपाली व्याकरण तथा रचना* शीर्षकमा पुस्तक प्रकाशन भएको पाइन्छ । उक्त पुस्तकको खण्ड १ व्याकरणको ५ अध्यायमा लेख्य चिह्न परिचय शीर्षक राखिएको छ । यसमा लेख्य चिह्नको परिचय र प्रयोग, पदयोग र पदवियोग सम्बन्धी महत्त्वपूर्ण जानकारी सविस्तार वर्णन गरिएको छ । यस पुस्तकमा विरामचिह्न ( अल्पविराम, अर्धविराम, अपूर्णविराम, पूर्णविराम) र संकेत चिह्न (प्रश्नचिह्न, विस्मयादिबोधक, निर्देश चिह्न) को प्रयोग गरिएको छ । उक्त पुस्तकको अध्ययनले लेख्य चिह्नको परिचय, प्रयोग र प्रकारको धारणात्मक ज्ञान निर्माणमा सहयोग पुऱ्याएको छ ।

शर्मा (२०६१) द्वारा *शब्दरचना र वर्णविन्यास वाक्यतत्व, अभिव्यक्ति र साहित्य* शीर्षकको पुस्तक प्रकाशन भएको पाइन्छ । उक्त पुस्तकमा विरामचिह्नहरू र तिनको चिनारी अन्तर्गत अल्पविराम, अर्धविराम, सापेक्ष विराम, पूर्णविराम, विस्मयविराम, योजक चिह्न, कोष्ठक चिह्न र उद्धरण चिह्नहरूको चर्चा गरिएको पाइन्छ । उक्त पुस्तकमा कुन चिह्न कुन

अवस्थामा प्रयोग गर्ने भन्नेबारे जानकारी दिइएको देखिन्छ । यस पुस्तकको अध्ययनले शोधपत्र लेखनमा सैद्धान्तिक अवधारणा निर्माणका निम्ति सहयोग पुऱ्याएको छ ।

ढुंगेल र अन्य (२०६३) द्वारा *अनिवार्य नेपाली* शीर्षकको पुस्तक प्रकाशन भएको पाइन्छ । उक्त पुस्तकको अध्याय २ मा वर्णविन्यास र चिह्न परिचय उपशीर्षक राखिएको छ । यसमा लेख्य चिह्नको परिचय र प्रकारका बारेमा सामान्य जानकारी दिइएको छ । यस पुस्तकमा विरामचिह्न (अल्पविराम, अर्धविराम, अपूर्णविराम, पूर्णविराम) र संकेत चिह्न (प्रश्नचिह्न, विस्मयादिबोधक, निर्देश चिह्न) को प्रयोग गरिएको छ । यस पुस्तकको अध्ययनले लेख्य चिह्नको परिचय र प्रकारको धारणात्मक ज्ञान निर्माणमा सहयोग पुऱ्याएको छ ।

बराल र एटम (२०६६) द्वारा *माध्यमिक नेपाली व्याकरण, अभिव्यक्ति र अभ्यास* शीर्षकको पुस्तक प्रकाशन भएको पाइन्छ । उक्त पुस्तकको अध्याय *१८* मा नेपाली वर्णविन्यास अन्तर्गत चिह्न परिचय र प्रयोग सम्बन्धी सविस्तार वर्णन गरिएको छ । जसमा अल्पविराम, अर्धविराम, पूर्णविराम, प्रश्नवाचक, विस्मयसूचक/उद्गार, सापेक्षविराम/निर्देशक, योजक, उद्धरण, कोष्ठक, तिर्यक आदि चिह्नहरूको उल्लेख गरिएको छ । उक्त पुस्तकको चिह्न सम्बन्धी महत्त्वपूर्ण जानकारीले शोधकार्य लेखनमा सैद्धान्तिक अवधारणा निर्माणका निम्ति सहयोग पुऱ्याएको छ ।

पौडेल (२०७०) द्वारा *नेपाली विधा शिक्षण* शीर्षकको पाठ्यपुस्तक प्रकाशन भएको पाइन्छ । उक्त पुस्तकमा अध्याय २ मा भाषा शिक्षण अन्तर्गत वर्णविन्यास शिक्षण र लेख्य चिह्न शिक्षणको प्रयोग र प्रक्रियाबारे उल्लेख गरेको पाइन्छ । यसमा मानक भाषाको लेख्य स्वरूप निर्माण र उपयोग गर्ने सिप विकासमा वर्णविन्यास र लेख्य चिह्नको शिक्षणलाई उपयोग गर्नुपर्ने आवश्यकता प्रस्तुत गरिएको छ । यो पुस्तक लेख्य चिह्नको सामान्य संकेत, विशिष्ट प्रयोजन र शिक्षण प्रक्रियामा केन्द्रित रहेको छ । यस पुस्तकको लेख्य चिह्नको प्रयोजन र शिक्षण सम्बन्धी महत्त्वपूर्ण जानकारीले शोधकार्य लेखनमा सैद्धान्तिक अवधारणा निर्माणका निम्ति सहयोग पुऱ्याएको छ ।

शर्मा (२०७१) द्वारा *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण* शीर्षकको पुस्तक प्रकाशन भएको पाइन्छ । उक्त पुस्तकको परिशिष्ट - २ मा विरामचिह्न र प्रयोगको उल्लेख गरिएको पाइन्छ । यस पुस्तकमा विरामचिह्नलाई विरामचिह्न र विरामेतर चिह्न गरी दुई भागमा विभाजन

गरिएको पाइन्छ । विरामचिह्नहरूको परिचय र प्रयोग सम्बन्धी धारणात्मक ज्ञान निर्माणमा यसले सहयोग पुऱ्याएको छ ।

### २.१.२ शोधपत्रको समीक्षा

रेग्मी (२०६४) द्वारा *कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य प्रस्तुत गरिएको पाइन्छ । उक्त शोध नेपाली भाषा शिक्षा स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ को पाठ्यांशको प्रयोजनका निम्ति तयार पारिएको पाइन्छ । कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोगसम्बन्धी क्षमता पहिचान गर्नु, ग्रामीण र नगर, मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको लेख्य चिह्न क्षमता पहिल्याउनु जस्ता उद्देश्यहरू राखिएको पाइन्छ । उक्त अध्ययनमा काठमाडौँ उपत्यकाका संस्थागत तथा सामुदायिक आठवटा विद्यालयका १०० जना विद्यार्थीलाई क्षेत्रीय अध्ययन विधिका आधारमा तथ्याङ्क सङ्कलन गरिएको पाइन्छ । पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण गर्दा विद्यार्थीहरूको क्षमता स्तरलाई ख्याल गरी लेख्य चिह्न समावेश गरिनुपर्ने, विमातृभाषी विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता मातृभाषी विद्यार्थीको भन्दा निकै कमजोर रहेको साथै ग्रामीण क्षेत्रमा अवस्थित विद्यालयका विद्यार्थीहरूभन्दा सहरी क्षेत्रका विद्यालयका विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता राम्रो रहेको तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधपत्रको अध्ययनले यस शोधपत्र लेखनमा सैद्धान्तिक अवधारण निर्माण गर्न सहयोग गर्दछ ।

न्यौपाने (२०६७) द्वारा *कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूले लेख्य चिह्न प्रयोगमा गर्ने त्रुटिको अध्ययन* शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको पाइन्छ । यसको प्रमुख उद्देश्य कक्षा १२ मा अध्ययनरत सार्वजनिक तथा निजी विद्यालयका विद्यार्थीहरूका साथै मातृभाषी र इतर नेपाली भाषी विद्यार्थीहरूको लेखन चिह्न प्रयोग सम्बन्धी क्षमताको निर्धारण गर्नु, लेख्य चिह्नको कठिनाइ स्तर पहिचान गर्ने रहेको छ । उक्त अध्ययनमा कीर्तिपुर नगरपालिकाका चारवटा उच्च माध्यमिक विद्यालयका २०/२० जनाका दरले जम्मा ८० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइएको छ । उक्त शोधपत्रको निष्कर्षमा मातृभाषी

विद्यार्थीहरूको तुलनामा इतर नेपाली भाषी विद्यार्थीहरूको लेख्य चिह्न प्रयोगमा त्यति सचेतता अपनाइएको पाइदैँन, साथै निजी विद्यालयका विद्यार्थीहरू लेख्य चिह्न प्रयोगमा बढी सक्षम रहेको तथा मातृभाषी विद्यार्थीहरूले लेख्य चिह्न प्रयोगमा कम त्रुटि गरेको पाइयो । प्रस्तुत शोधपत्रले यस शोधपत्र लेखनमा अनुसन्धानका लागि सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग गर्दछ ।

पुन (२०६८) द्वारा *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको पाइन्छ । यस अध्ययनको उद्देश्य कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको अध्ययन रहेको पाइन्छ । यस अध्ययनमा बाग्लुङ जिल्लाका ३/३ वटा सरकारी र संस्थागत विद्यालयका ६० जना विद्यार्थीहरूलाई नमुना जनसंख्याका रूपमा लिइएको छ । यस अध्ययनमा विद्यार्थीहरूमा सचेतता र अभ्यासको कमीले गर्दा त्रुटि भएको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधपत्रको अध्ययनले यस शोधपत्र लेखनमा सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग गर्दछ ।

पुन (२०७०) द्वारा *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको अध्ययन* शीर्षकको स्नातकोत्तर तहको शोधपत्र प्रस्तुत गरिएको पाइन्छ । उक्त अध्ययनमा बाग्लुङ जिल्लाका निजी र सरकारी विद्यालयका छात्र र छात्रा तथा पहिलो भाषी र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको अध्ययन गर्ने उद्देश्य राखिएको पाइन्छ । बाग्लुङ जिल्लाका १० वटा निजी र सरकारी विद्यालयका १०० जना विद्यार्थीहरूलाई नमुना जनसंख्याका रूपमा लिइएर विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको मूल्याङ्कन गरी विद्यार्थीहरू कुनै चिह्नमा सक्षम (पूर्णविराम, अल्पविराम, उद्गार र प्रश्नवाचक) र कुनै चिह्नमा असक्षम ( उद्धरण, योजक, कोष्ठक र निर्देशक) रहेको निष्कर्ष यस अध्ययनले निकालेको छ । प्रस्तुत शोधपत्रको अध्ययनले यस शोधपत्र लेखनमा सैद्धान्तिक पक्षको जानकारी प्राप्त भएको छ ।

शर्मा (२०७०) द्वारा *काठमाडौँ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको अध्ययन* शीर्षकको स्नातकोत्तर तहको शोधपत्र प्रस्तुत गरिएको पाइयो । यस अध्ययनको मुख्य उद्देश्य कक्षा आठको नेपाली भाषा पाठ्यक्रमले निर्देश गरेका लेख्य चिह्न अनुरूप विद्यार्थीको प्रयोग क्षमताको अध्ययन गर्नु, विद्यालय प्रकृति र लैङ्गिकताका आधारमा अध्ययन विश्लेषण गर्नु, र आवश्यक सुझाव प्रस्तुत गर्नु रहेको छ

। यस अध्ययनमा ३/३ वटा सामुदायिक र संस्थागत विद्यालयका ३०/३० जना गरी जम्मा ६० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा लिइएको छ भने सामग्री संकलनका क्रममा द्वितीय स्रोतको प्रयोग गरिएको छ । उक्त अध्ययनले लैङ्गिकताका आधारमा छात्रा भन्दा छात्र र विद्यालय प्रकृतिका आधारमा सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयको लेख्य चिह्न प्रयोग क्षमता सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधपत्रको अध्ययनले यस शोधपत्र लेखनमा सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

अधिकारी (२०७२) द्वारा *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको अध्ययन* शीर्षकको स्नातकोत्तर तहको शोधपत्र प्रस्तुत गरिएको पाइन्छ । यस अध्ययनको उद्देश्य कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको समग्र लेख्य चिह्न प्रयोग क्षमता पहिल्याउनु, विद्यालय प्रकृतिका आधारमा लेख्य चिह्न प्रयोगको तुलनात्मक स्थिति पहिचान गर्नु, पहिलो भाषी र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता पहिचान गर्नु रहेको छ । यो अध्ययन रौतहट जिल्लाका ५/५ वटा सामुदायिक र संस्थागत विद्यालयका १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुना जनसंख्याका रूपमा लिइएको छ । उक्त अध्ययनमा ग्रामीण र नगर क्षेत्रमा अवस्थित विद्यालयका विद्यार्थीहरूबीच समग्र चिह्न प्रयोग क्षमताको तुलना गर्दा दुबै समूह बीच अन्तर रहेको र यसमा ग्रामीणका तुलनामा नगरका विद्यार्थीहरूको उक्त चिह्न प्रयोग गर्ने सामर्थ्य बढी रहेको निष्कर्ष पाइयो । प्रस्तुत शोधपत्रको अध्ययनले यस शोधपत्र लेखनमा सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

कुवँर (२०७३) द्वारा *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको अध्ययन* शीर्षकमा स्नातकोत्तर तहको शोधपत्र सम्पन्न गरिएको पाइन्छ । उक्त अध्ययनमा कैलाली जिल्लाका ५/५ वटा सामुदायिक र संस्थागत विद्यालयका कक्षा सातका १०० जना विद्यार्थीहरूलाई नमुना जनसंख्याका रूपमा लिइएको पाइन्छ । यस अध्ययनको उद्देश्य कैलाली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको समग्र लेख्य चिह्न प्रयोग क्षमता पहिल्याउनु, भाषिक पृष्ठभूमि र विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको तुलनात्मक अध्ययन गर्नु, सुधारका लागि आवश्यक सुझावहरू प्रस्तुत गर्नु रहेको छ । उक्त अध्ययन सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूबीच समग्र चिह्न

प्रयोगमा उद्धरण, योजक, कोष्ठक र निर्देशक चिह्न प्रयोगमा कमजोर रहेको र सामुदायिक विद्यालयका भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरू चिह्न प्रयोगमा कम सचेत भएको निष्कर्ष पाइयो । प्रस्तुत शोधपत्रको अध्ययनले यस शोधपत्र लेखनमा सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

खनाल (२०७३) द्वारा *कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न पहिचान क्षमताको अध्ययन* शीर्षकमा स्नातकोत्तर तहको शोधकार्य तयार पारिएको पाइन्छ । यस अध्ययनको उद्देश्य नागार्जुन नगरपालिका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता पत्ता लगाउनु, भाषिक पृष्ठभूमिका आधारमा, लैङ्गिकताका आधारमा, विद्यालय प्रकृतिका आधारमा लेख्य चिह्न प्रयोग क्षमताको अवस्था पत्ता लगाउनु रहेको छ । उक्त अध्ययनमा नागार्जुन नगरपालिकाका संस्थागत र सामुदायिक विद्यालयका ५०/५० जना विद्यार्थीलाई नमुना जनसंख्याका रूपमा लिइएको छ । लैङ्गिकताका आधारमा छात्रहरू भन्दा छात्राहरू सक्षम, विद्यालय प्रकृतिका आधारमा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरू बढी सक्रिय, भाषिक पृष्ठभूमिका आधारमा गैर नेपाली मातृभाषी विद्यार्थीको तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरू लेख्य चिह्न प्रयोग क्षमता बढी सक्रिय भएको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधपत्रको अध्ययनले यस शोधपत्र लेखनमा सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

ढुङ्गेल (२०७३) द्वारा *मोरङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोगमा गर्ने त्रुटिहरूको अध्ययन* शीर्षकमा स्नातकोत्तर तहको शोधपत्र तयार पारिएको पाइन्छ । यो अध्ययन मोरङ जिल्लाका ५/५ वटा सामुदायिक र संस्थागत विद्यालयका १०/१० जना विद्यार्थीहरू गरी जम्मा १०० जना विद्यार्थीहरूलाई नमुना जनसंख्याका रूपमा लिएर कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको मूल्याङ्कन गरिएको पाइन्छ । यस अध्ययनको मुख्य उद्देश्य कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोगमा गर्ने त्रुटिहरूको अध्ययन गर्नु रहेको छ । समग्र लेख्य चिह्न प्रयोगको स्थिति सकारात्मक रहेको, लैङ्गिकताका आधारमा छात्रा भन्दा छात्र विद्यार्थीहरूको प्रयोग स्थिति उच्च रहेको, भाषिक पृष्ठभूमिका आधारमा दोस्रो भाषी विद्यार्थीहरूको भन्दा पहिलो भाषी विद्यार्थीहरूको समग्र चिह्न प्रयोगमा गर्ने त्रुटिको अवस्था कम रहेको, विद्यालय प्रकृतिका आधारमा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको नतिजा

सकारात्मक रहेको निष्कर्ष पाइयो । प्रस्तुत शोधपत्रको अध्ययनले यस शोधपत्र लेखनमा सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

रानाभाट (२०७३) द्वारा *तनहुँ जिलाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको अध्ययन* शीर्षकमा स्नातकोत्तर तहको शोधपत्र तयार पारिएको पाइन्छ । यस अध्ययनको उद्देश्य समग्र मध्यमानका दृष्टिले विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको पहिचान गर्नु रहेको छ । यस अध्ययनमा तनहुँ जिल्लाका भानु नगरपालिका भित्रका सामुदायिक र संस्थागत विद्यालयहरू मध्ये ५/५ वटा विद्यालयबाट १०० जना विद्यार्थीहरूलाई नमुना जनसंख्याका रूपमा लिइएको छ । यस अधययनबाट समग्र लेख्य चिह्नको प्रयोग सन्तोषजनक नभएको, संस्थागत र सामुदायिक विद्यालय मध्ये संस्थागत विद्यालयका विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता सन्तोषजनक रहेको, लैङ्गिकताका आधारमा छात्राको लेख्य चिह्न प्रयोग क्षमता उच्च रहेको र भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी भन्दा दोस्रो भाषी विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधपत्रको अध्ययनले यस शोधपत्र लेखनमा सैद्धान्तिक अयधारणा निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ लेख्य चिह्नको परिचय

लेख्य अभिव्यक्तिको सन्दर्भ र अर्थ स्पष्ट पार्न विभिन्न चिह्नको प्रयोग गरिन्छ, तिनै चिह्नहरूलाई लेख्य चिह्न भनिन्छ अर्थात् कुनै पनि भाषा प्रयोक्ताले आफ्ना लिखित अभिव्यक्तिलाई पाठकसामु प्रभावकारी रूपमा सञ्चार गर्दा उपयोगमा ल्याइने विभिन्न चिह्नहरूलाई नै लेख्य चिह्न भनिन्छ (लम्साल र अन्य, २०६५ : १५) । लेख्य अभिव्यक्तिको सन्दर्भ र अर्थलाई स्पष्ट पार्न लेख्य चिह्नको प्रयोग गरिन्छ । लेख्य चिह्न प्रयोग बिनाको अभिव्यक्तिको आशय बुझ्न सकिदैँन अर्थात् अर्थको अनर्थ लाग्छ । लेखाइलाई पूर्णता र शुद्धता प्रदान गर्नका लागि लेख्य चिह्नको आवश्यकता पर्दछ ।

भाषालाई रोचक बनाउनका लागि लेख्य चिह्नको प्रयोग गरिन्छ । लेख्य चिह्नको प्रयोग नगरी कुनै पनि कार्य गर्नु भनेको नुन बिनाको तरकारी खानु जस्तै हो, त्यसैले उच्चारण र अर्थ अनुसार वाक्यका बीचमा र अन्त्यमा विश्राम लिनका लागि प्रयोग हुने संकेत नै नेपाली

लेख्य चिह्न हुन (शर्मा र पौडेल, २०६८ : २५) । लेखाइलाई स्पष्ट बनाउन वाक्यमा लेख्य चिह्नको उपयुक्त प्रयोग गर्नुपर्छ, जसले गर्दा वाक्यमा मिठास आउँछ । उपयुक्त ठाउँमा उपयुक्त चिह्नको प्रयोग गरी लिखित सामग्रीलाई मानक रूप प्रदान गर्न लेख्य चिह्नको प्रयोग गरिन्छ (पौडेल, २०७० : २६) । त्यसैले स्तरीय लेखनमा लेख्य चिह्नको अधिक महत्त्व रहेको पाइन्छ ।

भाषाको लेख्य र उच्चारणगत व्यवस्थालाई व्यवस्थित र स्तरीय बनाउन लेख्य चिह्नहरूको सही प्रयोगको आवश्यकता पर्दछ । लेखनका क्रममा भाषिक अभिव्यक्तिलाई स्पष्ट पार्न, शब्द र वाक्यहरू बीचको अडान र समापन तथा तिनीहरूका विच्छेदन बुझाउनका निम्ति लेख्य चिह्नको प्रयोग गरिन्छ । यस्ता चिह्नहरूले लेखनलाई सशक्त बनाउँछन् ।

### २.२.३ लेख्य चिह्नको प्रकार

नेपाली लेखनमा केही वर्णेतर चिह्नहरूको पनि अत्यन्त महत्त्वपूर्ण भूमिका हुन्छ । लेखाइलाई स्पष्ट र सुपाठ्य बनाउन वाक्यमा चिह्नको उपयुक्त प्रयोग गर्नुपर्छ । त्यस्ता चिह्नहरू दुई खालका हुन्छन् : विरामचिह्न र विरामेतर चिह्न । यी दुई मध्ये विरामचिह्नहरू वर्ण जत्तिकै अनिवार्य ठानिन्छन् ।

वाक्यभित्र वा वाक्य समाप्त भएपछि अडिनाका लागि अनिवार्य प्रयुक्त हुने विरामचिह्नहरू ( पूर्णविराम, प्रश्नवाचक, विस्मयबोधक, अल्पविराम, अर्धविराम, सापेक्ष, निर्देशक, योजक) लाई विरामचिह्न र स्पष्टताका निम्ति ऐच्छिक रूपमा प्रयुक्त हुने चिह्नहरू (उद्धरण, कोष्ठक, अपूर्णता, ऐजन) लाई विरामेतर चिह्न भनिन्छ । कक्षा आठको भाषा पाठ्यक्रमले निर्देश गरेका लेख्य चिह्नहरूको चर्चा निम्नानुसार गरिएको छ :

#### २.२.३.१ पूर्णविराम चिह्न (।)

कुनै पनि वाक्यको अन्त्यमा प्रयोग भई वाक्य पूर्ण भएको बोध गराउने चिह्नलाई पूर्णविराम चिह्न भनिन्छ (लम्साल, भट्टराई र कँडेल, २०६६ : २१) । यसले वाक्य पूर्ण भएको संकेत गर्छ । यसलाई अडान, ढाडो धर्को वा वाक्यविराम पनि भनिन्छ । यसलाई (।) चिह्नले सङ्केत गरिन्छ । समापक क्रियापदभन्दा पछाडि प्रयोग हुने पूर्णविराम चिह्नले वक्ताले प्रयोग गरेको भाषालाई व्यवस्थित तुल्याई अर्थ सम्प्रेषणमा ठूलो भूमिका निर्वाह गर्दछ । यसको प्रयोग वाक्यको पुछारमा गरिन्छ । यसले वाक्य समाप्त भएको जनाउँछ । जस्तै :

(क) वाक्य सकिएको जानकारी दिँदा :

म सफल भएँ ।

मेरो देश चार जात छत्तिस वर्णको फूलबारी हो ।

तिमी छिटै आऊ ।

(ख) साल, महिना राखेर मिति लेख्दा :

२०७४।०३।१५

(ग) कविताको पङ्क्तिको अन्त्यमा

छाडी जाँदैछु म सहर पर्ख दुईचार दिन

थाल्दैछु म अर्को सफर पर्ख दुईचार दिन ।

### २.२.३.२ प्रश्नवाचक चिह्न (?)

प्रश्न बनाउँदा प्रयोग गरिने चिह्नलाई प्रश्नवाचक चिह्न भनिन्छ (लम्साल, भट्टराई र कँडेल, २०६६ : २१) । कुनै पनि कुराप्रति जिज्ञासा, कौतुहलता रहेको भाव व्यक्त गर्दा, कसैसँग प्रश्न गर्दा वा कुनै कुरामा शङ्का लागेमा प्रयोग गरिने चिह्न प्रश्नवाचक चिह्न हो । यो चिह्नको संकेतमा हसिँया आकारको तलतिर सानो थोप्लो (?) हुन्छ । यसलाई प्रयोगात्मक नेपाली शब्दकोशले प्रश्न जनाउने विराम चिह्न भनी परिभाषित गरेको छ । यसको प्रयोग वाक्यको पुछारमा वा अन्त्यमा प्रयोग गरिन्छ । जस्तै :

(क) प्रश्न वा जिज्ञासा प्रकट गर्दा

तिम्रो नाम के हो ?

नेपाली साहित्यमा महाकवि भनेर कसलाई चिनिन्छ ?

ऊ त्यो के हो ?

(ख) वाक्यमा आएका कुनै शब्दमा शङ्का लागेमा

बालकृष्ण समको जन्म विराटनगरमा भएको (?) थियो ।

(ग) प्रश्नवाचक वाक्य उपवाक्यका रूपमा आएको भए प्रश्नवाचक चिह्नको प्रयोग गरिदैंन

तिमी कति कक्षामा पढ्छौ भनी हजुरआमाले सोध्नु भयो ।

(घ) प्रश्न जनाए पनि आज्ञार्थक वाक्यमा प्रश्न चिह्न प्रयोग गरिदैँन

आफ्नु परिचय देऊ

'नेपाल' कविताको मूलभाव बताऊ

**२.२.३.३ अल्पविराम (,)**

वाक्यका बीचमा छोटो अडानका लागि प्रयोग हुने चिह्नलाई अल्पविराम भनिन्छ (शर्मा, २०७१ : ५२०) । यसलाई पादविराम, प्राथमिक र यति चिह्न पनि भनिन्छ । यसलाई यस्तो संकेत (,) ले जनाइन्छ । वाक्यमा हुने पद र पदावली छुट्याउन, अर्थ प्रष्ट्याउन वा बुझाउनका लागि संयोजक पद प्रयोग नभएका ठाउँमा, संयुक्त वाक्य र कथयित अंशको पछाडि, सम्बोधन गरिएको शब्दमा, उद्धरण चिह्न दिएको उपवाक्यभन्दा अगाडि अल्पविराम चिह्नको प्रयोग गरिन्छ । जस्तै :

(क) वाक्यमा उही किसिमका शब्द वा वाक्यांश मेलैसँग आएमा

राम, श्याम, सीता, सृष्टि, राजन (नाम)

ऊ असल, दयालु र इमान्दार छ । (विशेषण)

०,१,२,३,४,५,६,७,८,९

(ख) प्रधान उपवाक्यका अगाडि

जसले मह काढ्छ, उसले हात चाट्छ ।

जब बादल लाग्छ, तब पानी पर्छ ।

(ग) सम्बोधन गरिएको वाक्यमा

महोदय, भाषा सम्पादनमा ध्यान दिनुहोला ।

बाबु, खाना खान आऊ ।

(घ) उद्धरण चिह्न दिएको उपवाक्यभन्दा अगाडि

शिक्षकले भन्नुभयो, "म भोलि विद्यालय आउदिन ।"

(ङ)  पाद टिप्पणी वा सन्दर्भ सामग्रीको सूची दिँदा

पौडेल, माधव प्रसाद (२०७०), *भाषिक विधा शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

**२.२.३.४ अर्धविराम (;)**

वाक्यका बीचमा आधा विरामका निम्ति प्रयोग हुने चिह्नलाई अर्धविराम भनिन्छ (शर्मा, २०७१ : ५२०) । अल्पविरामभन्दा लामो तर पूर्णविरामभन्दा छोटो विश्राम जनाउँदा अर्धविराम चिह्नको प्रयोग गरिन्छ । यसको उचित प्रयोगले भाषालाई प्रभावकारी बनाउँछ । यसलाई (;) चिह्नले संकेत गरिन्छ । सापेक्ष चिह्न पछाडि सूचीकृत पदावलीलाई स्पष्ट बनाउन र दुई स्वतन्त्र उपवाक्य एकअर्कासँग सम्बन्धित भएमा यस चिह्नको प्रयोग गरिन्छ । जस्तै : २ घण्टा;

(क)  विभिन्न उपवाक्यमा घनिष्ठ सम्बन्ध छैन भने

प्रजातन्त्र आओस्, स्वागत छ; भाँडभैलोतन्त्र आयो भने सहीन्न ।

आकाश उघ्रे सफा देखिन्छ**;** मान्छे उघ्रे मैलो देखिन्छ ।

(ख)  अन्तिम वाक्यको समर्थनमा आउने उपवाक्य पछाडि

सबै नाचिरहेका छन्; खाएरहेका छन्; सबै भोजमा व्यस्त छन् ।

### २.२.३.५ विस्मयसूचक/उद्गार चिह्न (!)

यसलाई विस्मयादिबोधक वा विस्मयसूचक पनि भनिन्छ । यसलाई (!) संकेतले जनाइन्छ । कुनै आश्चर्य, खुसी, घृणा, हर्ष, विस्मत्, शोक, अफसोच आदि भाव बुझाउँदा, भावपूर्ण सम्बोधन गर्दा, भावको तीव्रता देखाउँदा पदावली वा वाक्यका पछाडि उद्गार चिह्नको प्रयोग गरिन्छ (बराल र एटम, २०६६ : १०१) । जस्तै :

(क) आश्चर्य, खुसी, घृणा आदि भाव बुझाउँदा :

आम्मै ! तिमी यहाँ ?

हे भगवान ! के सुन्नु पर्यो

(ख) विस्मयादिबोधक अव्ययका पछाडि :

ओहो ! शिव, शिव ! कठै !

(ग) विज्ञापनको आकर्षण बढाउन शब्दको दाहोरिने तेहोरिने क्रममा :

सूचना ! सूचना !! सूचना !!!

### २.२.३.६ योजक चिह्न (–)

कुनै शब्द वा शब्दका अंशलाई जोड्न प्रयोग गरिने चिह्नलाई योजक चिह्न भनिन्छ । यसलाई (-) संकेतले जनाइन्छ । यो चिह्न एउटै हरफमा नअटाएका शब्द वा शब्दांशलाई निर्देश गर्न प्रयोग गरिन्छ (पराजुली, २०५४ : १५२) । यो चिह्न हरफको अन्त्यमा शब्दविच्छेदन गर्दा, यति पेजदेखि उति पेजसम्म, आर्थिक वर्ष, जन्ममृत्यु आदि जनाउन प्रयोग गरिन्छ । जस्तै :

(क) दुईवटा हरफहरूलाई जोड्दा :

फूल-पाती, क-कसले, सुख-दःख

१०-३० (पेज नं.)

२०४७-२०७४ (जन्ममृत्यु)

(ख) समस्त शब्दका माझमा :

प्रज्ञा - प्रतिष्ठान वर्ण - विन्यास मातृ - शिशु

(ग) पङ्क्तिको अन्त्यमा कुनै शब्द नअटाएमा पानाको दायाँ छेउमा :

नेपाल जलस्रोत-को दास्रो धनि देश हो ।

### २.२.३.७ कोष्ठक चिह्न ( )

कुनै शब्दको अर्थ स्पष्ट पार्न प्रयुक्त हुने चिह्नलाई कोष्ठक चिह्न भनिन्छ (शर्मा, २०७१ : ५२३) । यसलाई ( ) संकेतले जनाइन्छ । संवाद, मनोवाद आदिमा अभिनयको संकेत गर्न वा परिवेश बुझाउन, संख्या बुझाउन र क्लिष्ट शब्दको तत्काल अर्थ खुलाउन यसको प्रयोग गरिन्छ । जस्तै :

(कोठा लथालिंग छ, बत्ती बलेको छ ) साँच्ची, के भएको ?

मृदुलभाषी (मीठो बोल्ने) व्यक्ति सबैको प्यारो हुन्छ ।

(क), (१), (अ)

नेपाल भुपरिवेष्ठि (चारैतिर जमिनले घेरेको) देश हो ।

### २.२.३.८ उद्धरण चिह्न ('...' "...")

कुनै पनि भनाइलाई जस्ताको तस्तै उतार्दा प्रयोग गरिने चिह्नलाई उद्धरण चिह्न भनिन्छ ( शर्मा, २०७१ : ५२३) । यस्तो चिह्न एकोहोरो उद्धरण (' ') र दोहोरो उद्धरण (" ") गरी दुई प्रकारको हुन्छ । कुनै पुस्तकको नाम, कथा, कविता आदिको शीर्षक, पुरस्कारको नाम लेख्दा, विशेष शब्दमा ध्यान दिनुपर्दा एकोहोरो उद्धरणको र कसैको कथन जस्ताको त्यस्तै उतार्दा दोहोरो उद्धरणको प्रयोग गरिन्छ । जस्तै :

(क) कसैको भनाए जस्ताको तस्तै राख्दा दोहोरो उद्धरणको प्रयोग गरिन्छ :

शर्माका अनुसार "वाक्यान्तरण भनेको एक प्रकारको वाक्यलाई अर्को प्रकारमा बदल्ने प्रक्रिया हो ।"

(ख) विशेष शब्दमा ध्यान दिनुपर्दा एकोहोरो उद्धरणको प्रयोग गरिन्छ :

ऊ 'हामी' लेख्नु पर्नेमा 'हामि' लेख्छ ।

(ग) ग्रन्थ, पुस्तक, पत्रपत्रिका आदिको उल्लेख गर्दा एकोहोरो उद्धरणको प्रयोग गरिन्छ :

'मुनामदन' देवकोटाको अमूल्य कृति हो ।

### २.२.३.९ **निर्देशक चिह्न** (:-/: )

कुनै पनि कुराको विशेष उल्लेख गर्दा प्रयोग हुने चिह्नलाई निर्देशक चिह्न भनिन्छ  अर्थात् कुनै पनि कुरालाई तोकेर देखाउँदा वा निर्देश गर्दा उक्त वाक्यलाई स्वतन्त्र रूपले राख्नुपर्दा, बोल्दा बोल्दै रोकिनु पर्दा, भन्दै गरेको कुरालाई स्पष्ट प्रयोग गर्नुपर्दा प्रयोग गरिने चिह्नलाई निर्देशक चिह्न भनिन्छ (पराजुली, २०५४ : १५१) । यसलाई (:-/-/:) संकेतले जनाइन्छ । उदाहरण दिनुपर्दा, निर्देशन दिँदा, कुराको स्पष्टीकरण दिँदा यसको प्रयोग गरिन्छ । जस्तै :

> नेपाली भाषाको विकासक्रमलाई तिन भागमा वर्गीकरण गरिन्छ - प्राथमिक काल, माध्यमिक काल र आधुनिक काल ।
>
> साहित्यमा धेरै वादहरू छन् : - यथार्थवाद, प्रगतिवाद ......
>
> तलका प्रश्नहरूको उत्तर लेख :

## २.५ लेख्य चिह्नको आवश्यकता

हरेक अनुसन्धानका आ-आफ्नै महत्त्व रहेका हुन्छन् । भाषाको प्रयोगमा लेख्य चिह्नहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । लेख्य चिह्नहरूको सही प्रयोगले लिखित अभिव्यक्तिमा अर्थबोधलाई पूर्ण र प्रभावकारी बनाउन मद्दत मिल्दछ । साथै लेखकले भनेका कुरा पाठकले सहज र सही तरिकाले बुझ्न, लेख्य तथा उपयुक्त वर्णविन्यासका लागि यसको आवश्यकता पर्दछ । यसले भाषालाई पूर्ण बनाउनका साथै अभिव्यक्तिलाई पनि सरल बनाउँदछ ।

विद्यार्थीहरूले लिखित अभिव्यक्तिको माध्यमबाट नै आफुले सुनेका, पढेका, अनुभव गरेर आर्जन गरेका ज्ञानलाई सिलसिला मिलाएर प्रस्तुत गर्दछन् । लेखनका क्रममा शुद्ध लेखन क्षमताको विकास गर्न, वर्णविन्यास मिलाउन, स्पष्ट पार्नका लागि लेख्य चिह्नको आवश्यकता पर्दछ । यसले विद्यार्थीहरूमा लेख्य चिह्नबारे थुप्रै जानकारी प्रदान गर्ने गर्दछ । नेपाली भाषामा लेख्य चिह्नले भावनात्मक पक्षलाई लिपिवद्ध गरी सम्प्रेषणीय बनाउने हुँदा हरेक चिह्नहरूको प्रयोगमा सचेतता अपनाउनु अपरिहार्य हुन्छ । लेख्य चिह्नको प्रयोगमा ध्यान पुऱ्याउन नसक्दा अर्थको अनर्थ र सम्प्रेषण बिहिनताको अवस्था सिर्जना हुन्छ । यसर्थ भाषाको मानकीकरण गर्नका साथै अभिव्यक्तिलाई ठोस तुल्याउनका लागि लेख्य चिह्नले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । अभिव्यक्तिको समापन, वाक्य खण्ड बीचको अर्थ, अभिव्यक्तिमा प्रभावकारिता र परस्पर वाक्यात्मक घटकका बीचमा सम्बन्ध स्थापित गर्नका

लागि, भाषालाई शुद्ध, मानकीकरण, सरलीकरण तथा व्यवस्थित तुल्याउनका लागि लेख्य चिह्नको आवश्यकता रहेको पाइन्छ ।

## २.६ लेख्य चिह्न शिक्षण कार्यकलाप

लेख्य चिह्न लेखाइ सिपसँग सम्बन्धित हुने भएकाले यसको विशेष स्थान रहेको पाइन्छ । लेख्य चिह्नको शिक्षण गर्दा विद्यार्थीहरूको स्तर र आवश्यकता अनुसारका कार्यकलापहरूको चयन गर्नुपर्छ । भाषालाई व्यवस्थित र अनुशासित तुल्याउनका लागि भाषाको प्रयोगमा लेख्य चिह्नको विशेष ख्याल गर्नुपर्दछ । यसर्थ भाषालाई प्रभावकारी बनाउनका लागि लेख्य चिह्नको कार्यकलापहरू निम्नानुसार छन् :

- विद्यार्थीहरूको तह, स्तर र क्षमता अनुसारको सामग्री चयन गर्ने ।
- चयन गरिएका विषयवस्तु शिक्षकले भनेर विद्यार्थीलाई श्रुतिलेखन गराउने ।
- श्रुतिलेखन गरिएको विषयवस्तुलाई हेरेर सार्न लगाउने ।
- विभिन्न चिह्न प्रयोग भएका वाक्यहरू खोजी सार्न लगाउने ।
- चिह्न प्रयोगका दृष्टिले शुद्ध र अशुद्ध वाक्यहरू छ्यासमिस गरी तयार गरिएका वाक्यपक्तिहरू देखाइ वा त्यस्ता वाक्य सेतोपाटीमा लेखी शुद्ध वाक्यहरू सार्न लगाउने, र वाक्यमा भएका अशुद्धिका बारेमा छलफल गराई शुद्ध रूप पहिल्याई लेख्न लगाउने ।
- लेखाइमा धैरै गल्ती हुने शब्दहरू छानी तिनको उच्चारणका साथसाथै लेखनको अभ्यास पनि गराउने ।
- खाली ठाउँ दिई विभिन्न लेख्य चिह्नहरू भर्ने अभ्यास गराउने ।
- स-साना संवाद लेख्न लगाइ उपयुक्त चिह्नहरूको प्रयोग गर्ने अभ्यास गराउने ।
- यसरी अभ्यास गराइसकेपछि सहपाठी मूल्याङ्कन गर्न लगाउने र सो मूल्याङ्कनलाई शिक्षकले हेरी आवश्यक सुधार गरिदिने ।

## २.७ लेख्य चिह्नको प्रयोजन

उच्चारण र अर्थ अनुसार वाक्यभित्र ठाउँ ठाउँमा प्रयोग गरिने संकेतलाई लेख्य चिह्न भनिन्छ । वर्ण, शब्द, पद, पदावली, उपवाक्य तथा वाक्यको उच्चारणमा लेख्य चिह्नले प्रभावकारी भूमिका खेल्दछ (पौडेल र पौडेल, २०६६ : २८) । लेख्य चिह्नको प्रयोगले भाषा उत्कृष्ट हुने हुनाले यसका निम्न प्रयोजन रहेका छन् :

- भाषालाई उत्कृष्ट बनाउन,
- भावनात्मक पक्षलाई लिपिवद्ध गरी सम्प्रेणीय तुल्याउन,
- अर्थको अनर्थ हुन नदिन,
- भाषिक एकाइहरूलाई उचित रूपले मिलाई उचित चिह्नहरूको प्रयोग गर्न,
- लेखाइ सिपको विकास गर्न,

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

प्रस्तुत शोधकार्य मोरङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको अध्ययन शीर्षकसँग सम्बन्धित रहेको छ । प्रस्तुत शोधपत्रमा अनुसन्धानको उद्देश्यलाई केन्द्रबिन्दु बनाई क्षेत्रीय अध्ययन विधिका आधारमा स्वयम् कार्यस्थलमा उपस्थित भएर जनसङ्ख्याको पहिचान, प्रतिनिधि नमुना छनोट, सामग्री वा तथ्याङ्क सङ्कलन, व्याख्या, विश्लेषण गरी तालिका तथा स्तम्भचित्रमा देखाइएको छ ।

## ३.२ अध्ययन प्रक्रिया

### ३.२.१ जनसंख्या पहिचान

प्रस्तुत शोधकार्यमा मोरङ जिल्लाको कक्षा आठमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरू जनसङ्ख्याका रूपमा रहेका छन् ।

### ३.२.२ प्रतिनिधि नमुना छनोट

प्रस्तुत अध्ययनमा यादृच्छिक नमुना छनोट पद्धतिको उपयोग गरी मोरङ जिल्लाको पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी जम्मा दसवटा विद्यालयहरूलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । साथै स्तरीकृत नमुना छनोट पद्धतिको उपयोग गरी प्रत्येक विद्यालयबाट पाँच जना छात्र, पाँच जना छात्रा र पाँच जना पहिलो भाषी नेपाली र पाँच जना दोस्रो भाषी नेपाली गरी जम्मा १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाको रूपमा लिइएको छ ।

### ३.२.३ सामग्रीका स्रोत

प्रस्तुत शोधकार्यका लागि निम्नलिखित स्रोतबाट सामग्री सङ्कलन गरिएको छ :

**(क) प्राथमिक स्रोत**

प्रस्तुत अध्ययनमा प्रत्यक्ष रूपमा विद्यार्थीहरूको संलग्नता आवश्यक हुने र उनीहरूकै क्षमता पहिचान गरिने भएकाले परीक्षणका लागि प्रश्नावलीका माध्यमबाट प्राथमिक स्रोतका

रूपमा पाँच/पाँचवटा सामुदायिक र संस्थागत विद्यालयका दस/दस जना विद्यार्थी गरी जम्मा १०० जना विद्यार्थीहरूबाट प्राप्त प्रतिक्रियालाई लिइएको छ ।

(ख) **द्वितीय स्रोत**

प्रस्तुत अध्ययनका लागि द्वितीय स्रोतका रूपमा पुस्तक, पत्रपत्रिका, पाठ्यपुस्तक, शोधपत्र आदि प्रयोग गरिएको छ । यसका साथै शिक्षक, निर्देशक, विशेषज्ञ, सम्बद्ध शिक्षकहरूको राय, परामर्श लिई शोधकार्यलाई उत्कृष्ट बनाइएको छ ।

### ३.२.४ सामग्री निर्माण

प्रस्तुत अध्ययनका लागि सामग्री निर्माण गर्दा अध्ययनको उद्देश्य परिपूर्ति हुने गरी विषयवस्तु राखिएको छ, जसमा कक्षा आठको पाठ्यक्रमले तोकेका उद्देश्यका आधारमा निर्माण गरिएको पाठ्यपुस्तकलाई आधार बनाई प्रश्नावली निर्माण गरिएको छ ।

### ३.२.५ सामग्री सङ्कलन

प्रस्तुत अध्ययनका लागि आवश्यक सामग्री सङ्कलन गर्ने क्रममा पूर्व निर्धारित विद्यालयका विद्यार्थीहरूमा वस्तुगत र स्वतन्त्र लेखन प्रश्नका माध्यमद्वारा लिखित परीक्षा सञ्चालन गरी सकेपछि उत्तरपुस्तिकाको परीक्षण गरिएको छ । परीक्षण गर्दा उत्तरकुञ्जिका निर्माण गरी उत्तरकुञ्जिकाकै आधारमा गरिएको छ ।

### ३.२.६ विश्लेषण प्रक्रिया

प्राप्त तथ्याङ्कको विश्लेषणका लागि उत्तरपुस्तिकाबाट प्राप्त अङ्कबाट सम्पूर्ण विद्यार्थीहरूको मध्यमान निकालिएको र नमुना प्रतिनिधिमा समाविष्ट विद्यार्थीहरूमध्ये उक्त मध्यमानभन्दा माथि र तल कति कति विद्यार्थी छन् भनेर गणना गरिएको छ । समग्र विद्यार्थीहरूको, पूर्णविराम, प्रश्नवाचक, अल्पविराम, अर्धविराम, उद्गार, योजक, कोष्ठक, उद्धरण र निर्देशक चिह्नको छुट्टाछुट्टै मध्यमान र मानक विचलन निकालिएको छ । परीक्षणबाट प्राप्त नतिजालाई तालिकीकरण गरी मध्यमान र मानक विचलनका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । यसरी विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई २५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने न्यूनतम, २५-५० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने मध्यम, ५०-७५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने उच्च र ७५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने

उच्चतम मानेर विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा प्राप्त तथ्याङ्कको प्रस्तुतीकरण, व्याख्या, विश्लेषण गर्नका लागि प्रतिनिधि नमुना छनोट गरिएका विद्यार्थीहरूको क्षमता पहिचानका लागि प्राप्ताङ्कलाई प्रतिशताङ्क, मध्यमान तथा मानक विचलन जस्ता तथ्याङ्कीय विधिहरूको प्रयोग गरी निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययनलाई सरल बनाउनका लागि निम्न लिखित साङ्ख्यिकीय सूत्रहरूको प्रयोग गरिएको छ :

(क) **प्रतिशत**

$$P = \frac{R}{T} \times 100$$

P = प्रतिशत

R = तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी

T = जम्मा विद्यार्थी

(ख) **मध्यमान**

$$\bar{X} = \frac{\sum X}{N}$$

$\bar{X}$ = मध्यमाान

X = प्राप्ताङ्क

N = जम्मा सङ्ख्या

(ग) **मानक विचलन**

$$\sigma = \sqrt{\frac{\sum x^2}{N}}$$

$\sigma$ = मानक विचलन

$\sum X^2$ = प्राप्ताङ्कको कुल योगको वर्ग

N = जम्मा सङ्ख्या

## ३.३ अध्ययनको रूपरेखा

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तिन : विधि र प्रक्रिया

अध्याय चार : मोरङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको समग्र लेख्य चिह्न क्षमताको अध्ययन

अध्याय पाँच : सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको तुलनात्मक अध्ययन

अध्याय छ : लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको अवस्थाको अध्ययन

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय चार

## मोरङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको समग्र लेख्य चिह्न प्रयोग क्षमताको अध्यायन

यस अध्यायमा शोध प्रस्तावमा उल्लेख गरिएअनुसार मोरङ जिल्लाका कक्षा आठमा अध्यायनरत विद्यार्थीहरूको समग्र लेख्य चिह्न प्रयोग क्षमताको अध्यायन शीर्षकअन्तर्गत रहेर विभिन्न सामुदायिक र संस्थागत विद्यालयहरूमा गई आवश्यक सुचना सङ्कलन गरिएको छ। सामुदायिक र संस्थागत विद्यालयहरूबाट सङ्कलन गरिएका सुचनाहरूलाई तालिकीकरण, व्याख्या तथा विश्लेषण गरिएको छ । मोरङ जिल्लाको विराटनगरको दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूलाई नमुना प्रतिनिधिका रूपमा छनोट गरिएको छ । उक्त अध्ययनलाई वैध र विश्वासनीय बनाउन परीक्षणबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी प्रतिशत, मध्यमान र मानक विचलन जस्ता तथ्याङ्कशास्त्रीय विधिहरूको उपयोग गरी अन्त्यमा व्याख्या विश्लेषण गरिएको छ ।

### ४.१ मोरङ जिल्लाका कक्षा आठमा अध्यायनरत विद्यार्थीहरूको समग्र लेख्य चिह्न प्रयोग क्षमताको विश्लेषण

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कका आधारमा समग्र लेख्य चिह्न प्रयोग क्षमतालाई तालिका १ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - १**

**प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता**

| कुल विद्यार्थी | २५ प्रतिशतभन्दा कम | | २५-५० प्रतिशतसम्म | | ५०-७५ प्रतिशतसम्म | | ७५ प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| १०० | न्यूनतम | | मध्यम | | उच्च | | उच्चतम | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | १ | १% | ४१ | ४१% | ५५ | ५५% | ३ | ३% |

माथिको तालिकाअनुसार समग्र विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको प्रतिशतलाई गणना गरी चार श्रेणीमा विभाजन गरिएको छ । जसमा २५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १ जना अर्थात् १ प्रतिशत रहेको देखिन्छ । २५-५० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ४१ जना अर्थात् ४१ प्रतिशत रहेको देखिन्छ । ५०-७५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ५५ जना अर्थात् ५५ प्रतिशत रहेको देखिन्छ । ७५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३ जना अर्थात् ३ प्रतिशत रहेको देखिन्छ ।

माथिको तालिकाअनुसार न्यूनतम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १ जना, मध्यम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ४१ जना, उच्च अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ५५ जना र उच्चतम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३ जना रहेका छन् । जसमा उच्च अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या धेरै रहेकाले समग्रमा विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता राम्रो रहेको छ । यसलाई स्तम्भ चित्रमा निम्नानुसार देखाइएको छ -

**स्तम्भ चित्र नं. १**

**प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता**



## ४.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कको आधारमा समग्र लेख्य चिह्न प्रयोग क्षमतालाई तालिका २ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - २**

**समग्र विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता**

| कुल विद्यार्थी | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | २१.४९ | ४.७८ | ४९ | ४९% | ५१ | ५१% |

माथिको तालिका २ अनुसार समग्र विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको मध्यमान २१.४९ र मानक विचलन ४.७८ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ४९ जना अर्थात् ४९ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने ५१ जना अर्थात् ५१ प्रतिशत विद्यार्थीहरू रहेका छन् । यसरी समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या धेरै भएकाले समग्र विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । यसैगरी समग्र विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको मानक विचलन ४.७८ भएकाले समग्र विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कमा धेरै भिन्नता रहेको पाइदैंन ।

## ४.३ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको पूर्णविराम चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कको आधारमा समग्र पूर्णविराम चिह्न प्रयोग क्षमतालाई तालिका ३ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - ३**

**समग्र विद्यार्थीहरूको पूर्णविराम चिह्न प्रयोग क्षमता**

| कुल विद्यार्थी | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ६.७ | १.३८ | ४१ | ४१% | ५९ | ५९% |

माथिको तालिका ३ अनुसार ८ पूर्णाङ्कको पूर्णविराम चिह्न प्रयोग क्षमताको अध्ययन गर्दा समग्र विद्यार्थीहरूको मध्यमान ६.७ र मानक विचलन १.३८ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ४१ जना अर्थात् ४१ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने ५९ जना अर्थात् ५९ प्रतिशत विद्यार्थीहरू रहेका छन् । यसरी समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या धेरै भएकाले समग्र विद्यार्थीहरूको पूर्णविराम चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । यसैगरी समग्र विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको मानक विचलन १.३८ भएकाले समग्र विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कमा धेरै भिन्नता रहेको पाइदैन् ।

## ४.४ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको प्रश्नवाचक चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कको आधारमा समग्र प्रश्नवाचक चिह्न प्रयोग क्षमतालाई तालिका ४ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - ४**

**समग्र विद्यार्थीहरूको प्रश्नवाचक चिह्न प्रयोग क्षमता**

| कुल विद्यार्थी | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | २.०२ | ०.८७ | ६६ | ६६% | ३३ | ३३% |

माथिको तालिका ४ अनुसार ३ पूर्णाङ्कको प्रश्नवाचक चिह्न प्रयोग क्षमताको अध्ययनमा समग्र विद्यार्थीहरूको मध्यमान २.०२ र मानक विचलन ०.८७ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ६६ जना अर्थात् ६६ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने ३३ जना अर्थात् ३३ प्रतिशत विद्यार्थीहरू रहेका छन् । यसरी समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या धेरै भएकाले समग्र विद्यार्थीहरूको प्रश्नवाचक चिह्न प्रयोग क्षमता कमजोर रहेको देखिन्छ । यसैगरी समग्र विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको मानक विचलन ०.८७ भएकाले समग्र विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कमा धेरै भिन्नता रहेको पाइन्छ । साथै स्तर र क्षमताका दृष्टिले उक्त कक्षा सन्तुलित नभएको स्पष्ट हुन्छ ।

## ४.५ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको अल्पविराम चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कको आधारमा समग्र अल्पविराम चिह्न प्रयोग क्षमतालाई तालिका ५ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - ५**

**समग्र विद्यार्थीहरूको अल्पविराम चिह्न प्रयोग क्षमता**

| कुल विद्यार्थी | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ०.४ | ०.६३ | ६८ | ६८% | ३२ | ३२% |

माथिको तालिका ५ अनुसार ४ पूर्णाङ्कको अल्पविराम चिह्न प्रयोग क्षमताको अध्ययनमा समग्र विद्यार्थीहरूको मध्यमान ०.४, मानक विचलन ०.६३ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ६८ जना अर्थात् ६८ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने ३२ जना अर्थात् ३२ प्रतिशत विद्यार्थीहरू रहेका छन् । यसरी समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या धेरै भएकाले समग्र विद्यार्थीहरूको अल्पविराम चिह्न प्रयोग क्षमता कमजोर रहेको देखिन्छ । त्यसैगरी समग्र विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको मानक विचलन ०.६३ भएकाले विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कमा धेरै भिन्नता रहेको पाइन्छ । यसबाट स्तर र क्षमताका दृष्टिले उक्त कक्षा सन्तुलित नभएको स्पष्ट हुन्छ ।

## ४.६ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको अर्धविराम चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कको आधारमा समग्र अर्धविराम चिह्न प्रयोग क्षमतालाई तालिका ६ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - ६**

**समग्र विद्यार्थीहरूको अर्धविराम चिह्न प्रयोग क्षमता**

| कुल विद्यार्थी | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | १.२२ | ०.६७ | ६४ | ६४% | ३६ | ३६% |

माथिको तालिका ६ अनुसार २ पूर्णाङ्कको अर्धविराम चिह्न प्रयोग क्षमताको अध्ययनमा समग्र विद्यार्थीहरूको मध्यमान १.२२ र मानक विचलन ०.६७ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ६४ जना अर्थात् ६४ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने ३६ जना अर्थात् ३६ प्रतिशत विद्यार्थीहरू रहेका छन् । यसरी समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या धेरै भएकाले समग्र विद्यार्थीहरूको अर्धविराम चिह्न प्रयोग क्षमता कमजोर रहेको देखिन्छ । त्यसैगरी समग्र विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको मानक विचलन ०.६७ भएकाले विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कमा धेरै भिन्नता रहेको पाइन्छ । यसबाट स्तर र क्षमताका दृष्टिले उक्त कक्षा सन्तुलित नभएको स्पष्ट हुन्छ ।

## ४.७ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको उद्गार चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कको आधारमा समग्र उद्गार चिह्न प्रयोग क्षमतालाई तालिका ७ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - ७**

**समग्र विद्यार्थीहरूको उद्गार चिह्न प्रयोग क्षमता**

| कुल विद्यार्थी | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | २.३५ | ०.६४ | ५५ | ५५% | ४५ | ४५% |

माथिको तालिका ७ अनुसार ३ पूर्णाङ्कको उद्गार चिह्न प्रयोग क्षमताको अध्ययनमा समग्र विद्यार्थीहरूको मध्यमान २.३५ र मानक विचलन ०.६४ रहेको छ। तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ५५ जना अर्थात् ५५ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने ४५ जना अर्थात् ४५ प्रतिशत विद्यार्थीहरू रहेका छन् । यसरी समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या धेरै भएकाले समग्र विद्यार्थीहरूको उद्गार चिह्न प्रयोग क्षमता कमजोर रहेको देखिन्छ। त्यसैगरी समग्र विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको मानक विचलन ०.६४ भएकाले विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कमा धेरै भिन्नता रहेको पाइन्छ। यसबाट स्तर र क्षमताका दृष्टिले उक्त कक्षा सन्तुलित नभएको स्पष्ट हुन्छ।

## ४.८ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको योजक चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कको आधारमा समग्र योजक चिह्न प्रयोग क्षमतालाई तालिका ८ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - ८**

**समग्र विद्यार्थीहरूको योजक चिह्न प्रयोग क्षमता**

| कुल विद्यार्थी | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | १.४ | ०.६७ | ४९ | ४९% | ५१ | ५१% |

माथिको तालिका ८ अनुसार २ पूर्णाङ्कको योजक चिह्न प्रयोग क्षमताको अध्ययनमा समग्र विद्यार्थीहरूको मध्यमान १.४ र मानक विचलन ०.६७ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ४९ जना अर्थात् ४९ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने ५१ जना अर्थात् ५१ प्रतिशत विद्यार्थीहरू रहेका छन् । यसरी समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या धेरै भएकाले समग्र विद्यार्थीहरूको योजक चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी समग्र विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको मानक विचलन ०.६७ भएकाले विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कमा धेरै भिन्नता रहेको पाइन्छ । यसबाट स्तर र क्षमताका दृष्टिले उक्त कक्षा सन्तुलित नभएको स्पष्ट हुन्छ ।

## ४.९ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको कोष्ठक चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कको आधारमा समग्र कोष्ठक चिह्न प्रयोग क्षमतालाई तालिका ९ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - ९**

**समग्र विद्यार्थीहरूको कोष्ठक चिह्न प्रयोग क्षमता**

| कुल विद्यार्थी | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | १.४२ | ०.५८ | ५३ | ५३% | ४७ | ४७% |

माथिको तालिका ९ अनुसार २ पूर्णाङ्कको कोष्ठक चिह्न प्रयोग क्षमताको अध्ययनमा समग्र विद्यार्थीहरूको मध्यमान १.४२ र मानक विचलन ०.५८ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ५३ जना अर्थात् ५३ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने ४७ जना अर्थात् ४७ प्रतिशत विद्यार्थीहरू रहेका छन् । यसरी समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या धेरै भएकाले समग्र विद्यार्थीहरूको कोष्ठक चिह्न प्रयोग क्षमता कमजोर रहेको देखिन्छ । त्यसैगरी समग्र विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको मानक विचलन ०.५८ भएकाले विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कमा धेरै भिन्नता रहेको पाइन्छ । यसबाट स्तर र क्षमताका दृष्टिले उक्त कक्षा सन्तुलित नभएको स्पष्ट हुन्छ ।

## ४.१० मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको उद्धरण चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कको आधारमा समग्र उद्धरण चिह्न प्रयोग क्षमतालाई तालिका १० मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - १०**

**समग्र विद्यार्थीहरूको उद्धरण चिह्न प्रयोग क्षमता**

| कुल विद्यार्थी | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | १.०८ | ०.६८ | ६४ | ६४% | ३६ | ३६% |

माथिको तालिका १० अनुसार २ पूर्णाङ्कको उद्धरण चिह्न प्रयोग क्षमताको अध्ययनमा समग्र विद्यार्थीहरूको मध्यमान १.०८ र मानक विचलन ०.६८ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ६४ जना अर्थात् ६४ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने ३६ जना अर्थात् ३६ प्रतिशत विद्यार्थीहरू रहेका छन् । यसरी समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या धेरै भएकाले समग्र विद्यार्थीहरूको उद्धरण चिह्न प्रयोग क्षमता कमजोर रहेको देखिन्छ । त्यसैगरी समग्र विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको मानक विचलन ०.६८ भएकाले विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कमा धेरै भिन्नता रहेको पाइन्छ । यसबाट स्तर र क्षमताका दृष्टिले उक्त कक्षा सन्तुलित नभएको स्पष्ट हुन्छ ।

## ४.११ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको निर्देशक चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कको आधारमा समग्र निर्देशक चिह्न प्रयोग क्षमतालाई तालिका ११ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - ११**

**समग्र विद्यार्थीहरूको निर्देशक चिह्न प्रयोग क्षमता**

| कुल विद्यार्थी | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | १.३८ | ०.७१ | ४८ | ४८% | ५२ | ५२% |

माथिको तालिका ११ अनुसार २ पूर्णाङ्कको निर्देशक चिह्न प्रयोग क्षमताको अध्ययनमा समग्र विद्यार्थीहरूको मध्यमान १.३८ र मानक विचलन ०.७१ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ४८ जना अर्थात् ४८ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने ५२ जना अर्थात् ५२ प्रतिशत विद्यार्थीहरू रहेका छन् । यसरी समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या धेरै भएकाले समग्र विद्यार्थीहरूको निर्देशक चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी समग्र विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको मानक विचलन ०.६८ भएकाले विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कमा धेरै भिन्नता रहेको पाइन्छ । यसबाट स्तर र क्षमताका दृष्टिले उक्त कक्षा सन्तुलित नभएको स्पष्ट हुन्छ ।

# अध्याय - पाँच

# सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको तुलनात्मक अध्ययन

यस अध्यायमा मोरङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको अध्ययन शीर्षकमा आधारित भएर सामुदायिक र संस्थागत विद्यालयहरूमा गई आवश्यक सूचना सङ्कलन गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयहरूबाट सङ्कलन गरिएको सूचनालाई तालिकीकरण गरी व्याख्या तथा विश्लेषण गरिएको छ । यस अध्यायमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको स्थिति पत्ता लगाउन ४० पूर्णाङ्कको परीक्षा लिई विद्यार्थीहरूले प्राप्त गरेको अङ्कलाई मुख्य आधार बनाइएको छ । उक्त अध्ययनलाई वैध र विश्वसनीय बनाउन परीक्षणबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी प्रतिशत, मध्यमान र मानक विचलन जस्ता तथ्याङ्कशास्त्रीय विधिहरूको उपयोग गरिएको छ ।

## ५.१ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा १० वटा सामुदायिक र संस्थागत विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमतालाई तालिका १२ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - १२**

**प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता**

| विद्यालय प्रकृति | कुल विद्यार्थी | २५ प्रतिशतभन्दा कम | | २५-५० प्रतिशतसम्म | | ५०-७५ प्रतिशतसम्म | | ७५ प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १०० | न्यूनतम | | मध्यम | | उच्च | | उच्चतम | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | १ | २% | २६ | ५२% | २३ | ४६% | ० | ०% |
| संस्थागत | ५० | ० | ०% | १५ | ३०% | ३२ | ६४% | ३ | ६% |

माथिको तालिका १२ अनुसार विद्यालय प्रकृतिका आधारमा समग्र विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको प्रतिशतलाई गणना गरी चार श्रेणीमा विभाजन गरिएको छ। जसमा सामुदायिक विद्यालयतर्फ २५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने १ जना अर्थात् २ प्रतिशत विद्यार्थी रहेका छन् । २५-५० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने २६ जना अर्थात् ५२ प्रतिशत विद्यार्थी रहेका छन् । ५०-७५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने २३ जना अर्थात् ४६ प्रतिशत विद्यार्थी रहेका छन् । ७५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने शून्य जना अर्थात् शून्य प्रतिशत विद्यार्थी रहेका छन् । त्यसैगरी संस्थागत विद्यालय तर्फ २५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने शून्य जना अर्थात् शून्य प्रतिशत विद्यार्थी रहेका छन् । २५-५० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने १५ जना अर्थात् ३० प्रतिशत विद्यार्थी रहेका छन् । ५०-७५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने ३२ जना अर्थात् ६४ प्रतिशत विद्यार्थी रहेका छन् । ७५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने ३ जना अर्थात् ६ प्रतिशत विद्यार्थी रहेका छन् ।

माथिको तालिकाअनुसार सामुदायिक विद्यालयतर्फ न्यूनतम अङ्क प्राप्त गर्ने १ जना, मध्यम अङ्क प्राप्त गर्ने २६ जना, उच्च अङ्क प्राप्त गर्ने २३ जना र उच्चतम अङ्क प्राप्त गर्ने शून्य जना विद्यार्थीहरू रहेका छन् भने संस्थागत विद्यालयतर्फ न्यूनतम अङ्क प्राप्त गर्ने शून्य जना, मध्यम अङ्क प्राप्त गर्ने १५ जना, उच्च अङ्क प्राप्त गर्ने ३२ जना र उच्चतम अङ्क प्राप्त गर्ने ३ जना विद्यार्थीहरू रहेका छन । जसमा उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरू संस्थागत विद्यालयका धेरै भएकाले समग्रमा विद्यालय प्रकृतिका आधारमा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता राम्रो रहेको पाइन्छ। यसलाई स्तम्भ चित्रमा निम्नानुसार देखाइएको छ -

स्तम्भ चित्र नं. २

प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता




## ५.२ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका सामुदायिक र संस्थागत विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमतालाई तालिका १३ मा निम्नानुसार विश्लेषण गरिएको छ -

तालिका - १३

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता

| विद्यालय प्रकृति | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | २०.३६ | ४.१९ | २७ | ५४% | २३ | ४६% |
| संस्थागत | ५० | २२.६२ | ५.०२ | २३ | ४६% | २७ | ५४% |

माथिको तालिका १३ मा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान र मानक विचलनका आधारमा समग्र लेख्य चिह्न प्रयोग क्षमताको उल्लेख गरिएको छ । जसमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको मध्यमान २०.३६ र मानक विचलन ४.१९ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २७ जना अर्थात् ५४ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २३ जना अर्थात् ४६ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी संस्थागत विद्यालयका विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको मध्यमान २२.६२ र मानक विचलन ५.०२ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २३ जना अर्थात् ४६ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २७ जना अर्थात् ५४ प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

यसरी सामुदायिक र संस्थागत विद्यालयकका विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा सामुदायिक विद्यालयको मध्यमान २०.३६ र संस्थागत विद्यालयको मध्यमान २२.६ रहेको पाइन्छ । यसअनुसार सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी सामुदायिक विद्यालयको मानक विचलन ४.१९ र संस्थागत विद्यालयको मानक विचलन ५.०२ रहेको पाइन्छ । सामुदायिक विद्यालयको मानक विचलन कम भएकाले विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा समानता पाइन्छ । यसर्थ संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको लेख्य चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.३ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको पूर्णविराम चिह्न प्रयोग क्षमताको तुलना

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको पूर्णविराम चिह्न प्रयोग क्षमतालाई तालिका १४ मा निम्नानुसार विश्लेषण गरिएको छ -

## तालिका - १४

## पूर्णविराम चिह्न प्रयोग क्षमता

| विद्यालय प्रकृति | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | ६.६६ | १.५० | २१ | ४२% | २९ | ५८% |
| संस्थागत | ५० | ६.७४ | १.२६ | २० | ४०% | ३० | ६०% |

माथिको तालिका १४ मा सामुदायिक र संस्थागत विद्यालयको पूर्णविराम चिह्न प्रयोग क्षमताको उल्लेख गरिएको छ । जसमा सामुदायिक विद्यालयको मध्यमान ६.६६ र मानक विचलन १.५० रहेको छ । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २१ जना अर्थात् ४२ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २९ जना अर्थात् ५८ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी संस्थागत विद्यालयको मध्यमान ६.७४ र मानक विचलन १.२६ रहेको छ । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २० जना अर्थात् ४० प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने ३० जना अर्थात् ६० प्रतिशत विद्यार्थीहरू रहेका छन् । मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी धेरै भएकाले सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको पूर्णविराम चिह्न प्रयोग क्षमता राम्रो रहेको पाइन्छ ।

यसरी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको पूर्णविराम चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा सामुदायिक विद्यालयको मध्यमान ६.६६ र संस्थागत विद्यालयको मध्यमान ६.७४ रहेको पाइन्छ । यसअनुसार सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको पूर्णविराम चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी सामुदायिक विद्यालयको मानक विचलन १.५० र संस्थागत विद्यालयको मानक विचलन १.२६ रहेको पाइन्छ । संस्थागत विद्यालयको मानक विचलन कम भएकाले विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा समानता पाइन्छ । यसर्थ मानक विचलाका आधारमा सामुदायिक

विद्यालयको तुलनामा संस्थागत विद्यालयको पूर्णविराम चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.४ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रश्नवाचक चिह्न प्रयोग क्षमताको तुलना

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रश्नवाचक चिह्न प्रयोग क्षमतालाई तालिका १५ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - १५**

**प्रश्नवाचक चिह्न प्रयोग क्षमता**

| विद्यालय प्रकृति | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | २ | ०.४८ | १० | २०% | ४० | ८०% |
| संस्थागत | ५० | २.१ | ०.९२ | २९ | ५८% | २१ | ४२% |

माथिको तालिका १५ मा सामुदायिक र संस्थागत विद्यालयको प्रश्नवाचक चिह्न प्रयोग क्षमताको उल्लेख गरिएको छ । जसमा सामुदायिक विद्यालयको मध्यमान २ र मानक विचलन ०.४८ रहेको छ । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने १० जना अर्थात् २० प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने ४० जना अर्थात् ८० प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी संस्थागत विद्यालयको मध्यमान २.१ र मानक विचलन ०.९२ रहेको छ । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २९ जना अर्थात् ५८ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २१ जना अर्थात् ४२ प्रतिशत विद्यार्थीहरू रहेका छन् । मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी धेरै भएकाले संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रश्नवाचक चिह्न प्रयोग क्षमता राम्रो रहेको पाइन्छ ।

यसरी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रश्नवाचक चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा सामुदायिक विद्यालयको मध्यमान २ र संस्थागत विद्यालयको मध्यमान २.१ रहेको पाइन्छ । यसअनुसार सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रश्नवाचक चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी सामुदायिक विद्यालयको मानक विचलन ०.४८ र संस्थागत विद्यालयको मानक विचलन ०.९२ रहेको पाइन्छ । सामुदायिक विद्यालयको मानक विचलन कम भएकाले विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा समानता पाइन्छ । यसर्थ मानक विचलनका आधारमा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको प्रश्नवाचक चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.५ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अल्पविराम चिह्न प्रयोग क्षमताको तुलना

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अल्पविराम चिह्न प्रयोग क्षमतालाई तालिका १६ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - १६**

**अल्पविराम चिह्न प्रयोग क्षमता**

| विद्यालय प्रकृति | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | ०.२६ | ०.४३ | ३७ | ७४% | १३ | २६% |
| संस्थागत | ५० | ०.६ | ०.७४ | २८ | ५६% | २२ | ४४% |

माथिको तालिका १६ मा सामुदायिक र संस्थागत विद्यालयको अल्पविराम चिह्न प्रयोग क्षमताको उल्लेख गरिएको छ । जसमा सामुदायिक विद्यालयको मध्यमान ०.२६ र मानक

विचलन ०.४३ रहेको छ । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ३७ जना अर्थात् ७४ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने १३ जना अर्थात् २६ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी संस्थागत विद्यालयको मध्यमान ०.६ र मानक विचलन ०.७४ रहेको छ । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २८ जना अर्थात् ५६ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २२ जना अर्थात् ४४ प्रतिशत विद्यार्थीहरू रहेका छन् । मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी धेरै भएकाले सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको अल्पविराम चिह्न प्रयोग क्षमता राम्रो रहेको पाइन्छ ।

यसरी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अल्पविराम चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा सामुदायिक विद्यालयको मध्यमान ०.२६ र संस्थागत विद्यालयको मध्यमान ०.६ रहेको पाइन्छ । यसअनुसार सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको अल्पविराम चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी सामुदायिक विद्यालयको मानक विचलन ०.४३ र संस्थागत विद्यालयको मानक विचलन ०.७४ रहेको पाइन्छ । सामुदायिक विद्यालयको मानक विचलन कम भएकाले विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा समानता पाइन्छ । यसर्थ मानक विचलनका आधारमा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको अल्पविराम चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.६ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अर्धविराम चिह्न प्रयोग क्षमताको तुलना

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अर्धविराम चिह्न प्रयोग क्षमतालाई तालिका १७ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - १७**

**अर्धविराम चिह्न प्रयोग क्षमता**

| विद्यालय प्रकृति | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | १.२२ | ०.६७ | ३२ | ६४% | १८ | ३६% |
| संस्थागत | ५० | १.२२ | ०.६७ | ३२ | ६४% | १८ | ३६% |

माथिको तालिका १७ मा सामुदायिक र संस्थागत विद्यालयको अर्धविराम चिह्न प्रयोग क्षमताको उल्लेख गरिएको छ । जसमा सामुदायिक विद्यालयको मध्यमान १.२२ र मानक विचलन ०.६७ रहेको छ । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ३२ जना अर्थात् ६४ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने १८ जना अर्थात् ३६ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी संस्थागत विद्यालयको मध्यमान १.२२ र मानक विचलन ०.६७ रहेको छ । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ३२ जना अर्थात् ६४ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने १८ जना अर्थात् ३६ प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

यसरी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अर्धविराम चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा सामुदायिक र संस्थागत विद्यालयको मध्यमान र मानक विचलन बराबर भएकाले दुबै विद्यालयको अर्धविराम चिह्न प्रयोग क्षमता समान रहेको पाइन्छ । साथै समग्रमा मध्यमानभन्दा बढी अङ्क थोरै विद्यार्थीहरूले प्राप्त गरेकाले दुबै विद्यालयका विद्यार्थीहरू अर्धविराम चिह्न प्रयोग क्षमतामा कमजोर रहेको देखिन्छ ।

## ५.७ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको उद्गार चिह्न प्रयोग क्षमताको तुलना

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको उद्गार चिह्न प्रयोग क्षमतालाई तालिका १८ मा निम्नानुसार विश्लेषण गरिएको छ -

## तालिका -१८

## उद्‌गार चिह्न प्रयोग क्षमता

| विद्यालय प्रकृति | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | २.२६ | ०.६२ | ३२ | ६४% | १८ | ३६% |
| संस्थागत | ५० | २.४४ | ०.६६ | २३ | ४६% | २७ | ५४% |

माथिको तालिका १८ मा सामुदायिक र संस्थागत विद्यालयको उद्‌गार चिह्न प्रयोग क्षमताको उल्लेख गरिएको छ । जसमा सामुदायिक विद्यालयको मध्यमान २.२६ र मानक विचलन ०.६२ रहेको छ । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ३२ जना अर्थात् ६४ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने १८ जना अर्थात् ३६ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी संस्थागत विद्यालयको मध्यमान २.४४ र मानक विचलन ०.६६ रहेको छ । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २३ जना अर्थात् ४६ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २७ जना अर्थात् ५४ प्रतिशत विद्यार्थीहरू रहेका छन् । मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी धेरै भएकाले सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको उद्‌गार चिह्न प्रयोग क्षमता राम्रो रहेको पाइन्छ ।

यसरी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको उद्‌गार चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा सामुदायिक विद्यालयको मध्यमान २.२६ र संस्थागत विद्यालयको मध्यमान २.४४ रहेको पाइन्छ । यसअनुसार सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको उद्‌गार चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी सामुदायिक विद्यालयको मानक विचलन ०.६२ र संस्थागत विद्यालयको मानक विचलन ०.६६ रहेको पाइन्छ । सामुदायिक विद्यालयको मानक विचलन कम भएकाले विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा समानता पाइन्छ । यसर्थ मानक विचलनका आधारमा संस्थागत

विद्यालयको तुलनामा सामुदायिक विद्यालयको उद्‌गार चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.८ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको योजक चिह्न प्रयोग क्षमताको तुलना

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको योजक चिह्न प्रयोग क्षमतालाई तालिका १९ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - १९**

**योजक चिह्न प्रयोग क्षमता**

| विद्यालय प्रकृति | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | १.२४ | ०.७८ | २९ | ५८% | २१ | ४२% |
| संस्थागत | ५० | १.५६ | ०.५७ | २० | ४०% | ३० | ६०% |

माथिको तालिका १९ मा सामुदायिक र संस्थागत विद्यालयको योजक चिह्न प्रयोग क्षमताको उल्लेख गरिएको छ । जसमा सामुदायिक विद्यालयको मध्यमान १.२४ र मानक विचलन ०.७८ रहेको छ। मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २९ जना अर्थात् ५८ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २१ जना अर्थात् ४२ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी संस्थागत विद्यालयको मध्यमान १.५६ र मानक विचलन ०.५७ रहेको छ । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २० जना अर्थात् ४० प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने ३० जना अर्थात् ६० प्रतिशत विद्यार्थीहरू रहेका छन् । मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी धेरै भएकाले सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको योजक चिह्न प्रयोग क्षमता राम्रो रहेको पाइन्छ ।

यसरी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको योजक चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा सामुदायिक विद्यालयको मध्यमान १.२४ र संस्थागत विद्यालयको मध्यमान १.५६ रहेको पाइन्छ । यसअनुसार सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको योजक चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी सामुदायिक विद्यालयको मानक विचलन ०.७८ र संस्थागत विद्यालयको मानक विचलन ०.५७ रहेको पाइन्छ । संस्थागत विद्यालयको मानक विचलन कम भएकाले विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा समानता पाइन्छ । यसर्थ मानक विचलनका आधारमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको योजक चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.९ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको कोष्ठक चिह्न प्रयोग क्षमताको तुलना

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको कोष्ठक चिह्न प्रयोग क्षमतालाई तालिका २० मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - २०**

**कोष्ठक चिह्न प्रयोग क्षमता**

| विद्यालय प्रकृति | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | १.२४ | ०.६१ | ३३ | ६६% | १७ | ३४% |
| संस्थागत | ५० | १.६ | ०.४८ | २० | ४०% | ३० | ६०% |

माथिको तालिका २० मा सामुदायिक र संस्थागत विद्यालयको कोष्ठक चिह्न प्रयोग क्षमताको उल्लेख गरिएको छ । जसमा सामुदायिक विद्यालयको मध्यमान १.२४ र मानक

विचलन ०.६१ रहेको छ । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ३३ जना अर्थात् ६६ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने १७ जना अर्थात् ३४ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी संस्थागत विद्यालयको मध्यमान १.६ र मानक विचलन ०.४८ रहेको छ । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २० जना अर्थात् ४० प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने ३० जना अर्थात् ६० प्रतिशत विद्यार्थीहरू रहेका छन् । मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी धेरै भएकाले सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको कोष्ठक चिह्न प्रयोग क्षमता राम्रो रहेको पाइन्छ ।

यसरी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको कोष्ठक चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा सामुदायिक विद्यालयको मध्यमान १.२४ र संस्थागत विद्यालयको मध्यमान १.६ रहेको पाइन्छ । यसअनुसार सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको कोष्ठक चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी सामुदायिक विद्यालयको मानक विचलन ०.६१ र संस्थागत विद्यालयको मानक विचलन ०.४८ रहेको पाइन्छ । संस्थागत विद्यालयको मानक विचलन कम भएकाले विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा समानता पाइन्छ । यसर्थ मानक विचलनका आधारमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको कोष्ठक चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.१० मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको उद्धरण चिह्न प्रयोग क्षमताको तुलना

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको उद्धरण चिह्न प्रयोग क्षमतालाई तालिका २१ मा निम्नानुसार विश्लेषण गरिएको छ -

## तालिका - २१

## उद्धरण चिह्न प्रयोग क्षमता

| विद्यालय प्रकृति | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | १.४८ | १.४८ | २८ | ५६% | २२ | ४४% |
| संस्थागत | ५० | १.४२ | १.३७ | ३३ | ६६% | १७ | ३४% |

माथिको तालिका २१ मा सामुदायिक र संस्थागत विद्यालयको उद्धरण चिह्न प्रयोग क्षमताको उल्लेख गरिएको छ । जसमा सामुदायिक विद्यालयको मध्यमान १.४८ र मानक विचलन १.४८ रहेको छ । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २८ जना अर्थात्५६६ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २२ जना अर्थात् ४४ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी संस्थागत विद्यालयको मध्यमान १.४२ र मानक विचलन १.३७ रहेको छ । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ३३ जना अर्थात् ६६ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने १७ जना अर्थात् ३४ प्रतिशत विद्यार्थीहरू रहेका छन् । मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी धेरै भएकाले संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको उद्धरण चिह्न प्रयोग क्षमता राम्रो रहेको पाइन्छ ।

यसरी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको उद्धरण चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा सामुदायिक विद्यालयको मध्यमान १.४८ र संस्थागत विद्यालयको मध्यमान १.४२ रहेको पाइन्छ । यसअनुसार संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको उद्धरण चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी सामुदायिक विद्यालयको मानक विचलन १.४८ र संस्थागत विद्यालयको मानक विचलन १.३७ रहेको पाइन्छ । संस्थागत विद्यालयको मानक विचलन कम भएकाले विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा समानता पाइन्छ । यसर्थ मानक विचलनका आधारमा सामुदायिक

विद्यालयको तुलनामा संस्थागत विद्यालयको उद्धरण चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.११ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निर्देशक चिह्न प्रयोग क्षमताको तुलना

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निर्देशक चिह्न प्रयोग क्षमतालाई तालिका २२ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - २२**

**निर्देशक चिह्न प्रयोग क्षमता**

| विद्यालय प्रकृति | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | १.३ | ०.७८ | २५ | ५०% | २५ | ५०% |
| संस्थागत | ५० | १.४६ | ०.६३ | २३ | ४६% | २७ | ५४% |

माथिको तालिका २२ मा सामुदायिक र संस्थागत विद्यालयको निर्देशक चिह्न प्रयोग क्षमताको उल्लेख गरिएको छ । जसमा सामुदायिक विद्यालयको मध्यमान १.३ र मानक विचलन ०.७८ रहेको छ । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २५ जना अर्थात् ५० प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २५ जना अर्थात् ५० प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी संस्थागत विद्यालयको मध्यमान १.४६ र मानक विचलन ०.६३ रहेको छ । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २३ जना अर्थात् ४६ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २७ जना अर्थात् ५४ प्रतिशत विद्यार्थीहरू रहेका छन् । मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी धेरै भएकाले सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको निर्देशक चिह्न प्रयोग क्षमता राम्रो रहेको पाइन्छ ।

यसरी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निर्देशक चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा सामुदायिक विद्यालयको मध्यमान १.३ र संस्थागत विद्यालयको मध्यमान १.४६ रहेको पाइन्छ । यसअनुसार सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको निर्देशक चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी सामुदायिक विद्यालयको मानक विचलन ०.७८ र संस्थागत विद्यालयको मानक विचलन ०.६३ रहेको पाइन्छ । संस्थागत विद्यालयको मानक विचलन कम भएकाले विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा समानता पाइन्छ । यसर्थ मानक विचलनका आधारमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको निर्देशक चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

# अध्याय – छ

# लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता

यस अध्यायमा शोधप्रस्तावमा उल्लेख गरिएअनुसार मोरङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको अध्ययन शीर्षकअन्तर्गत रहेर विभिन्न सामुदायिक र संस्थागत विद्यालयहरूमा गई आवश्यक सूचना सङ्कलन गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयहरूबाट सङ्कलन गरिएका सूचनालाई तालिकीकरण, वर्णन, व्याख्या तथा विश्लेषण गरी लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा लेख्य चिह्न प्रयोग क्षमता पत्ता लगाइएको छ । यस अध्यायमा लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा लेख्य चिह्न प्रयोग क्षमताको स्थिति पत्ता लगाउन दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई आधार बनाइएको छ । उक्त अध्ययनलाई वैध र विश्वसनीय बनाउनका लागि परीक्षाबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी प्रतिशत, मध्यमान र मानक विचलन जस्ता तथ्याङ्कशास्त्रीय विधिहरूको उपयोग गरी अन्त्यमा व्याख्या विश्लेषण गरिएको छ ।

## ६.१ लैङ्गिकताकका आधारमा लेख्य चिह्न प्रयोग क्षमता

### ६.१.१ लैङ्गिकताकका आधारमा लेख्य चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा समग्र छात्र र छात्राहरूको लेख्य चिह्न प्रयोग क्षमतालाई तालिका २३ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - २३**

**प्रतिशतका आधारमा समग्र छात्र र छात्राहरूको लेख्य चिह्न प्रयोग क्षमता**

| लैङ्गिकता | कुल विद्यार्थी | २५ प्रतिशतभन्दा कम | | २५-५० प्रतिशतसम्म | | ५०-७५ प्रतिशतसम्म | | ७५ प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १०० | न्यूनतम | | मध्यम | | उच्च | | उच्चतम | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र | ५० | ० | ०% | १८ | ३६% | ३१ | ६२% | १ | २% |
| छात्रा | ५० | १ | २% | २२ | ४४% | २५ | ५०% | २ | ४% |

माथिको तालिका २३ अनुसार छात्र र छात्राहरूले प्राप्त गरेको प्राप्ताङ्कको आधारमा लेख्य चिह्न प्रयोग क्षमताको प्रतिशतलाई गणना गरी चार श्रेणीमा विभाजन गरिएको छ । जसमा छात्रतर्फ २५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने शून्य जना अर्थात् शून्य प्रतिशत विद्यार्थी रहेका छन् । २५-५० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने १८ जना अर्थात् ३६ प्रतिशत विद्यार्थी रहेका छन् । ५०-७५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने ३१ जना अर्थात् ६२ प्रतिशत विद्यार्थी रहेका छन् । ७५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने १ जना अर्थात् २ प्रतिशत विद्यार्थी रहेका छन् । त्यसैगरी छात्रातर्फ २५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने १ जना अर्थात् २ प्रतिशत विद्यार्थी रहेका छन् । २५-५० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने २२ जना अर्थात् ४४ प्रतिशत विद्यार्थी रहेका छन् । ५०-७५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने २५ जना अर्थात् ५० प्रतिशत विद्यार्थी रहेका छन् । ७५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने २ जना अर्थात् ४ प्रतिशत विद्यार्थी रहेका छन् ।

माथिको तालिकाअनुसार छात्रहरूको लेख्य चिह्न प्रयोग क्षमताको स्थितिलाई हेर्दा न्यूनतम अङ्क प्राप्त गर्ने शून्य जना, मध्यम अङ्क प्राप्त गर्ने १८ जना, उच्च अङ्क प्राप्त गर्ने ३१ जना र उच्चतम अङ्क प्राप्त गर्ने १ जना विद्यार्थीहरू रहेका छन् । त्यसैगरी छात्राहको लेख्य चिह्न प्रयोग क्षमताको स्थिति हेर्दा न्यूनतम अङ्क प्राप्त गर्ने १ जना, मध्यम अङ्क प्राप्त गर्ने २२ जना, उच्च अङ्क प्राप्त गर्ने २५ जना र उच्चतम अङ्क प्राप्त गर्ने २ जना विद्यार्थीहरू रहेका छन । उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरू धेरै भएकाले समग्रमा छात्र र छात्राहरूको लेख्य चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ तर छात्र र छात्राहरूको तुलनामा छात्राहरूको

भन्दा छात्रहरूको लेख्य चिह्न प्रयोग क्षमता राम्रो रहेको पाइन्छ । यसलाई स्तम्भ चित्रमा निम्नानुसार देखाइएको छ -

**स्तम्भ चित्र नं. ३**

**प्रतिशतका आधारमा समग्र छात्र र छात्राहरूको लेख्य चिह्न प्रयोग क्षमता**




## ६.१.२ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको लेख्य चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा छात्र र छात्राहरूको लेख्य चिह्न प्रयोग क्षमतालाई तालिका २४ मा निम्नानुसार विश्लेषण गरिएको छ -

तालिका - २४

**लैङ्गिकताका आधारमा छात्र र छात्राहरूको लेख्य चिह्न प्रयोग क्षमता**

| लैङ्गिकता | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र | ५० | २१.८२ | १.५८ | २४ | ४८% | २६ | ५२% |
| छात्रा | ५० | २१.३ | ४.६२ | २५ | ५०% | २५ | ५०% |

माथिको तालिका २४ मा लैङ्गिकताका आधारमा विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको विश्लेषण गरिएको छ । जसमा छात्रहरूको मध्यमान २१.८२ र मानक विचलन १.५८ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २४ जना अर्थात् ४८ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २६ जना अर्थात् ५२ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी छात्राहरूको मध्यमान २१.३ र मानक विचलन ४.६२ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २५ जना अर्थात् ५० प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २५ जना अर्थात् ५० प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

यसरी छात्र र छात्राहरूको लेख्य चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा छात्रहरूको मध्यमान २१.८२ र छात्राहरूको मध्यमान २१.३ रहेको पाइन्छ । यसअनुसार छात्राहरूको तुलनामा छात्रहरूको लेख्य चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी छात्रहरूको मानक विचलन १.५८ र छात्राहरूको मानक विचलन ४.६२ रहेको पाइन्छ । छात्रहरूको मानक विचलन कम भएकाले छात्रहरूले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा समानता पाइन्छ । यसर्थ छात्राहरुको तुलनामा छात्रहरूको लेख्य चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.१.३ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको पूर्णविराम चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्रप्ताङ्का आधारमा छात्र र छात्राहरूको पूर्णविराम चिह्न प्रयोग क्षमतालाई तालिका २५ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - २५**

**पूर्णविराम चिह्न प्रयोग क्षमता**

| लैङ्गिकता | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र | ५० | ६.६ | १.४२ | २१ | ४२% | २९ | ५८% |
| छात्रा | ५० | ६.६२ | १.२९ | २२ | ४४% | २८ | ५६% |

माथिको तालिका २५ मा लैङ्गिकताका आधारमा छात्र र छात्राहरूको पूर्णविराम चिह्न प्रयोग क्षमताको उल्लेख गरिएको छ । जसमा छात्रहरूको मध्यमान ६.६ र मानक विचलन १.४२ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २१ जना अर्थात् ४२ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २९ जना अर्थात् ५८ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी छात्राहरूको मध्यमान ६.६२ र मानक विचलन १.२९ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २२ जना अर्थात् ४४ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २८ जना अर्थात् ५६ प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

यसरी छात्र र छात्राहरूको पूर्णविराम चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा छात्रहरूको मध्यमान ६.६ र छात्राहरूको मध्यमान ६.६२ रहेको पाइन्छ । यसअनुसार छात्रहरूको तुलनामा छात्राहरूको पूर्णविराम चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी छात्रहरूको मानक विचलन १.४२ र छात्राहरूको मानक विचलन १.२९ रहेको पाइन्छ । छात्राहरूको मानक विचलन कम भएकाले छात्राहरूले प्राप्त गरेको प्राप्ताङ्को वितरणमा

समानता पाइन्छ । यसर्थ छात्रहरुको तुलनामा छात्राहरूको पूर्णविराम चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.१.४ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको प्रश्नवाचक चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्रप्ताङ्का आधारमा छात्र र छात्राहरूको प्रश्नवाचक चिह्न प्रयोग क्षमतालाई तालिका २६ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - २६**

**प्रश्नवाचक चिह्न प्रयोग क्षमता**

| लैङ्गिकता | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र | ५० | २.१६ | ०.६४ | ३५ | ७०% | १५ | ३०% |
| छात्रा | ५० | १.९६ | ०.९७ | १५ | ३०% | ३५ | ७०% |

माथिको तालिका २६ मा लैङ्गिकताका आधारमा छात्र र छात्राहरूको प्रश्नवाचक चिह्न प्रयोग क्षमताको उल्लेख गरिएको छ। जसमा छात्रहरूको मध्यमान २.१६ र मानक विचलन ०.६४ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ३५ जना अर्थात् ७० प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने १५ जना अर्थात् ३० प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी छात्राहरूको मध्यमान १.९६ र मानक विचलन ०.९७ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने १५ जना अर्थात् ३० प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने ३५ जना अर्थात् ७० प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

यसरी छात्र र छात्राहरूको प्रश्नवाचक चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा छात्रहरूको मध्यमान २.१६ र छात्राहरूको मध्यमान १.९६ रहेको पाइन्छ । यसअनुसार छात्राहरूको तुलनामा छात्रहरूको प्रश्नवाचक चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी छात्रहरूको मानक विचलन ०.६४ र छात्राहरूको मानक विचलन ०.९७ रहेको पाइन्छ । छात्रहरूको मानक विचलन कम भएकाले छात्रहरूले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा समानता पाइन्छ । यसर्थ छात्राहरुको तुलनामा छात्रहरूको प्रश्नवाचक चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.१.५ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको अल्पविराम चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा छात्र र छात्राहरूको अल्पविराम चिह्न प्रयोग क्षमतालाई तालिका २७ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - २७**

**अल्पविराम चिह्न प्रयोग क्षमता**

| लैङ्गिकता | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र | ५० | ०.४६ | ०.६३ | ३१ | ६२% | १९ | ३८% |
| छात्रा | ५० | ०.४८ | ०.६४ | ३० | ६०% | २० | ४०% |

माथिको तालिका २७ मा लैङ्गिकताका आधारमा छात्र र छात्राहरूको अल्पविराम चिह्न प्रयोग क्षमताको उल्लेख गरिएको छ । जसमा छात्रहरूको मध्यमान ०.४६ र मानक विचलन ०.६३ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ३१ जना अर्थात् ६२ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने १९ जना अर्थात् ३८ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी छात्राहरूको

मध्यमान ०.४८ र मानक विचलन ०.६४ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ३० जना अर्थात् ६० प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २० जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

यसरी छात्र र छात्राहरूको अल्पविराम चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा छात्रहरूको मध्यमान ०.४६ र छात्राहरूको मध्यमान ०.४८ रहेको पाइन्छ । यसअनुसार छात्रहरूको तुलनामा छात्राहरूको अल्पविराम चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी छात्रहरूको मानक विचलन ०.६३ र छात्राहरूको मानक विचलन ०.६४ रहेको पाइन्छ । छात्रहरूको मानक विचलन कम भएकाले छात्रहरूले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा समानता पाइन्छ । यसर्थ छात्राहरुको तुलनामा छात्रहरूको अल्पविराम चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.१.६ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको अल्पविराम चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा छात्र र छात्राहरूको अर्धविराम चिह्न प्रयोग क्षमतालाई तालिका २८ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - २८**

**अर्धविराम चिह्न प्रयोग क्षमता**

| लैङ्गिकता | कुल | मध्यमान | मानक | मध्यमानभन्दा कम | मध्यमानभन्दा बढी |
|---|---|---|---|---|---|

| | विद्यार्थी | | विचलन | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| छात्र | ५० | १.२६ | ०.६८ | ३० | ६०% | २० | ४०% |
| छात्रा | ५० | १.१८ | ०.६३ | ३४ | ६८% | १६ | ३२% |

माथिको तालिका २८ मा लैङ्गिकताका आधारमा छात्र र छात्राहरूको अर्धविराम चिह्न प्रयोग क्षमताको उल्लेख गरिएको छ। जसमा छात्रहरूको मध्यमान १.२६ र मानक विचलन ०.६८ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ३० जना अर्थात् ६० प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २० जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी छात्राहरूको मध्यमान १.१८ र मानक विचलन ०.६३ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ३४ जना अर्थात् ६८ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने १६ जना अर्थात् ३२ प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

यसरी छात्र र छात्राहरूको अर्धविराम चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा छात्रहरूको मध्यमान १.२६ र छात्राहरूको मध्यमान १.१८ रहेको पाइन्छ । यसअनुसार छात्राहरूको तुलनामा छात्रहरूको अर्धविराम चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी छात्रहरूको मानक विचलन ०.६८ र छात्राहरूको मानक विचलन ०.६३ रहेको पाइन्छ । छात्राहरूको मानक विचलन कम भएकाले छात्राहरूले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा समानता पाइन्छ । यसर्थ छात्रहरुको तुलनामा छात्राहरूको अर्धविराम चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.१.७ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको उद्गार चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा छात्र र छात्राहरूको उद्गार चिह्न प्रयोग क्षमतालाई तालिका २९ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - २९**

**उद्गार चिह्न प्रयोग क्षमता**

| लैङ्गिकता | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र | ५० | ०.६७ | २.३२ | २८ | ५६% | २२ | ४४% |
| छात्रा | ५० | ०.६२ | २.३८ | २७ | ५४% | २३ | ४६% |

माथिको तालिका २९ मा लैङ्गिकताका आधारमा छात्र र छात्राहरूको उद्गार चिह्न प्रयोग क्षमताको उल्लेख गरिएको छ । जसमा छात्रहरूको मध्यमान ०.६७ र मानक विचलन २.३२ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २८ जना अर्थात् ५६ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २२ जना अर्थात् ४४ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी छात्राहरूको मध्यमान ०.६२ र मानक विचलन २.३८ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २७ जना अर्थात् ५४ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २३ जना अर्थात् ४६ प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

यसरी छात्र र छात्राहरूको उद्गार चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा छात्रहरूको मध्यमान ०.६७ र छात्राहरूको मध्यमान ०.६२ रहेको पाइन्छ । यसअनुसार छात्राहरूको तुलनामा छात्रहरूको उद्गार चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी छात्रहरूको मानक विचलन २.३२ र छात्राहरूको मानक विचलन २.३८ रहेको पाइन्छ । छात्रहरूको मानक विचलन कम भएकाले छात्रहरूले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा

समानता पाइन्छ । यसर्थ छात्राहरुको तुलनामा छात्रहरूको उद्गार चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.१.८ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको योजक चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा छात्र र छात्राहरूको योजक चिह्न प्रयोग क्षमतालाई तालिका ३० मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - ३०**

**योजक चिह्न प्रयोग क्षमता**

| लैङ्गिकता | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र | ५० | १.५ | ०.५७ | २३ | ४६% | २७ | ५४% |
| छात्रा | ५० | १.३ | ०.७५ | २६ | ५२% | २४ | ४८% |

माथिको तालिका ३० मा लैङ्गिकताका आधारमा छात्र र छात्राहरूको योजक चिह्न प्रयोग क्षमताको उल्लेख गरिएको छ । जसमा छात्रहरूको मध्यमान १.५ र मानक विचलन ०.५७ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २३ जना अर्थात् ४६ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २७ जना अर्थात् ५४ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी छात्राहरूको मध्यमान १.३ र मानक विचलन ०.७५ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २६ जना अर्थात् ५२ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २४ जना अर्थात् ४८ प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

यसरी छात्र र छात्राहरूको योजक चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा छात्रहरूको मध्यमान १.५ र छात्राहरूको मध्यमान १.३ रहेको पाइन्छ । यसअनुसार छात्राहरूको तुलनामा छात्रहरूको योजक चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी छात्रहरूको मानक विचलन ०.५७ र छात्राहरूको मानक विचलन ०.७५ रहेको पाइन्छ । छात्रहरूको मानक विचलन कम भएकाले छात्रहरूले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा समानता पाइन्छ । यसर्थ छात्राहरुको तुलनामा छात्रहरूको योजक चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.१.९ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको कोष्ठक चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा छात्र र छात्राहरूको कोष्ठक चिह्न प्रयोग क्षमतालाई तालिका ३१ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - ३१**

**कोष्ठक चिह्न प्रयोग क्षमता**

| लैङ्गिकता | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र | ५० | १.४ | ०.६ | २७ | ५४% | २३ | ४६% |
| छात्रा | ५० | १.४४ | ०.५७ | २६ | ५२% | २४ | ४८% |

माथिको तालिका ३१ मा लैङ्गिकताका आधारमा छात्र र छात्राहरूको कोष्ठक चिह्न प्रयोग क्षमताको उल्लेख गरिएको छ । जसमा छात्रहरूको मध्यमान १.४ र मानक विचलन ०.६ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २७ जना अर्थात् ५४ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २३ जना अर्थात् ४६ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी छात्राहरूको मध्यमान १.४४ र

मानक विचलन ०.५७ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २६ जना अर्थात् ५२ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २४ जना अर्थात् ४८ प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

यसरी छात्र र छात्राहरूको कोष्ठक चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा छात्रहरूको मध्यमान १.४ र छात्राहरूको मध्यमान १.४४ रहेको पाइन्छ । यसअनुसार छात्रहरूको तुलनामा छात्राहरूको कोष्ठक चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी छात्रहरूको मानक विचलन ०.६ र छात्राहरूको मानक विचलन ०.५७ रहेको पाइन्छ । छात्राहरूको मानक विचलन कम भएकाले छात्राहरूले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा समानता पाइन्छ । यसर्थ छात्रहरुको तुलनामा छात्राहरूको कोष्ठक चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.१.१० मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको उद्धरण चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा छात्र र छात्राहरूको उद्धरण चिह्न प्रयोग क्षमतालाई तालिका ३२ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - ३२**

**उद्धरण चिह्न प्रयोग क्षमता**

| लैङ्गिकता | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र | ५० | १.३८ | १.४१ | ३३ | ६६% | १७ | ३४% |
| छात्रा | ५० | १.४८ | १.५३ | २९ | ५८% | २१ | ४२% |

माथिको तालिका ३२ मा लैङ्गिकताका आधारमा छात्र र छात्राहरूको उद्धरण चिह्न प्रयोग क्षमताको उल्लेख गरिएको छ । जसमा छात्रहरूको मध्यमान १.३८ र मानक विचलन १.४१ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ३३ जना अर्थात् ६६ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने १७ जना अर्थात् ३४ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी छात्राहरूको मध्यमान १.४८ र मानक विचलन १.५३ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २९ जना अर्थात् ५८ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २१ जना अर्थात् ४२ प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

यसरी छात्र र छात्राहरूको उद्धरण चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा छात्रहरूको मध्यमान १.३८ र छात्राहरूको मध्यमान १.४८ रहेको पाइन्छ । यसअनुसार छात्रहरूको तुलनामा छात्राहरूको उद्धरण चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी छात्रहरूको मानक विचलन १.४१ र छात्राहरूको मानक विचलन १.५३ रहेको पाइन्छ । छात्रहरूको मानक विचलन कम भएकाले छात्रहरूले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा समानता पाइन्छ । यसर्थ छात्राहरुको तुलनामा छात्रहरूको उद्धरण चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.१.११ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको निर्देशक चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा छात्र र छात्राहरूको निर्देशक चिह्न प्रयोग क्षमतालाई तालिका ३३ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - ३३**

**निर्देशक चिह्न प्रयोग क्षमता**

| लैङ्गिकता | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र | ५० | १.४ | ०.६६ | २५ | ५०% | २५ | ५०% |
| छात्रा | ५० | १.३६ | ०.७६ | २३ | ४६% | २७ | ५४% |

माथिको तालिका ३३ मा लैङ्गिकताका आधारमा छात्र र छात्राहरूको निर्देशक चिह्न प्रयोग क्षमताको उल्लेख गरिएको छ । जसमा छात्रहरूको मध्यमान १.४ र मानक विचलन ०.६६ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २५ जना अर्थात् ५० प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २५ जना अर्थात् ५० प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी छात्राहरूको मध्यमान १.३६ र मानक विचलन ०.७६ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २३ जना अर्थात् ४६ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २७ जना अर्थात् ५४ प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

यसरी छात्र र छात्राहरूको निर्देशक चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा छात्रहरूको मध्यमान १.४ र छात्राहरूको मध्यमान १.३६ रहेको पाइन्छ । यसअनुसार छात्राहरूको तुलनामा छात्रहरूको निर्देशक चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी छात्रहरूको मानक विचलन ०.६६ र छात्राहरूको मानक विचलन ०.७६ रहेको पाइन्छ । छात्रहरूको मानक विचलन कम भएकाले छात्रहरूले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा समानता पाइन्छ । यसर्थ छात्राहरुको तुलनामा छात्रहरूको निर्देशक चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.२ भाषिक पृष्ठभूमिका आधारमा लेख्य चिह्न प्रयोग क्षमता

### ६.२.१ भाषिक पृष्ठभूमिका आधारमा लेख्य चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमतालाई तालिका ३४ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - ३४**

**प्रतिशतका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपालीहरूको लेख्य चिह्न प्रयोग क्षमता**

| भाषिक पृष्ठभूमि | कुल विद्यार्थी | २५ प्रतिशतभन्दा कम | | २५-५० प्रतिशतसम्म | | ५०-७५ प्रतिशतसम्म | | ७५ प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १०० | न्यूनतम | | मध्यम | | उच्च | | उच्चतम | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| पहिलो भाषी नेपाली | ५० | ० | ०% | १६ | ३२% | ३१ | ६२% | ३ | ६% |
| दोस्रो भाषी नेपाली | ५० | १ | २% | २५ | ५०% | २४ | ४८% | ० | ०% |

माथिको तालिका ३४ अनुसार पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको आधारमा लेख्य चिह्न प्रयोग क्षमताको प्रतिशतलाई गणना गरी चार श्रेणीमा विभाजन गरिएको छ । जसमा पहिलो भाषी नेपाली विद्यार्थीतर्फ २५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने शून्य जना अर्थात् शून्य प्रतिशत विद्यार्थी रहेका छन् । २५-५०

प्रतिशतसम्म अङ्क प्राप्त गर्ने १६ जना अर्थात् ३२ प्रतिशत विद्यार्थी रहेका छन् । ५०-७५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने ३१ जना अर्थात् ६२ प्रतिशत विद्यार्थी रहेका छन् । ७५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने ३ जना अर्थात् ६ प्रतिशत विद्यार्थी रहेका छन् । त्यसैगरी दोस्रो भाषी नेपाली विद्यार्थीतर्फ २५ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने १ जना अर्थात् २ प्रतिशत विद्यार्थी रहेका छन् । २५-५० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने २५ जना अर्थात् ५० प्रतिशत विद्यार्थी रहेका छन् । ५०-७५ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने २४ जना अर्थात् ४८ प्रतिशत विद्यार्थी रहेका छन् । ७५ प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने शून्य जना अर्थात् शून्य प्रतिशत विद्यार्थी रहेका छन् ।

माथिको तालिकाअनुसार पहिलो भाषी नेपाली विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको स्थितिलाई हेर्दा न्यूनतम अङ्क प्राप्त गर्ने शून्य जना, मध्यम अङ्क प्राप्त गर्ने १६ जना, उच्च अङ्क प्राप्त गर्ने ३१ जना र उच्चतम अङ्क प्राप्त गर्ने ३ जना विद्यार्थीहरू रहेका छन् । त्यसैगरी दोस्रो भाषी नेपाली विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको स्थिति हेर्दा न्यूनतम अङ्क प्राप्त गर्ने १ जना, मध्यम अङ्क प्राप्त गर्ने २५ जना, उच्च अङ्क प्राप्त गर्ने २४ जना र उच्चतम अङ्क प्राप्त गर्ने शून्य जना विद्यार्थीहरू रहेका छन । उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरू धेरै भएकाले पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ तर पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको तुलनामा दोस्रो भाषी नेपाली विद्यार्थीहरूकोभन्दा पहिलो भाषी नेपाली विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता राम्रो रहेको पाइन्छ । यसलाई स्तम्भ चित्रमा निम्नानुसार देखाइएको छ -

स्तम्भ चित्र नं. ४

प्रतिशतका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता




### ६.२.२ मध्यमान र मानक विचलनका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमतालाई तालिका ३५ मा निम्नानुसार विश्लेषण गरिएको छ -

तालिका - ३५

**भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता**

| लैङ्गिकता | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| पहिलो भाषी नेपाली | ५० | २२.९ | ४.२७ | २४ | ४८% | २६ | ५२% |
| दोस्रो भाषी नेपाली | ५० | २०.२२ | ३.४३ | २६ | ५२% | २४ | ४८% |

माथिको तालिका ३५ मा भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको विश्लेषण गरिएको छ । जसमा पहिलो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान २२.९ र मानक विचलन ४.२७ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २४ जना अर्थात् ४८ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २६ जना अर्थात् ५२ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान २०.२२ र मानक विचलन ३.४३ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २६ जना अर्थात् ५२ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २४ जना अर्थात् ४८ प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

यसरी पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा पहिलो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान २२.९ र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान २०.२२ रहेको पाइन्छ । यसअनुसार दोस्रो भाषी नेपाली विद्यार्थीहरूको तुलनामा पहिलो भाषी नेपाली विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी पहिलो भाषी नेपाली विद्यार्थीहरूको मानक विचलन ४.२७ र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मानक विचलन ३.४३ रहेको पाइन्छ । दोस्रो भाषी नेपाली

विद्यार्थीहरूको मानक विचलन कम भएकाले दोस्रो भाषी नेपाली विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा समानता पाइन्छ । यसर्थ पहिलो भाषी नेपाली विद्यार्थीहरुको तुलनामा दोस्रो भाषी नेपाली विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.२.३ मध्यमान र मानक विचलनका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको पूर्णविराम चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको पूर्णविराम चिह्न प्रयोग क्षमतालाई तालिका ३६ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - ३६**

**पूर्णविराम चिह्न प्रयोग क्षमता**

| लैङ्गिकता | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| पहिलो भाषी नेपाली | ५० | ६.९ | १.१५ | १६ | ३२% | ३४ | ६८% |
| दोस्रो भाषी नेपाली | ५० | ६.३२ | १.४८ | २७ | ५४% | २३ | ४६% |

माथिको तालिका ३६ मा भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको पूर्णविराम चिह्न प्रयोग क्षमताको विश्लेषण गरिएको छ । जसमा पहिलो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान ६.९ र मानक विचलन १.१५ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने १६ जना अर्थात् ३२ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने ३४ जना अर्थात् ६८ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान ६.३२ र मानक विचलन १.४८ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २७ जना अर्थात् ५४

प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २३ जना अर्थात् ४६ प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

यसरी पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको पूर्णविराम चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा पहिलो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान ६.९ र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान ६.३२ रहेको पाइन्छ । यसअनुसार दोस्रो भाषी नेपाली विद्यार्थीहरूको तुलनामा पहिलो भाषी नेपाली विद्यार्थीहरूको पूर्णविराम चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी पहिलो भाषी नेपाली विद्यार्थीहरूको मानक विचलन १.१५ र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मानक विचलन १.४८ रहेको पाइन्छ । पहिलो भाषी नेपाली विद्यार्थीहरूको मानक विचलन कम भएकाले पहिलो भाषी नेपाली विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा समानता पाइन्छ । यसर्थ दोस्रो भाषी नेपाली विद्यार्थीहरुको तुलनामा पहिलो भाषी नेपाली विद्यार्थीहरूको पूर्णविराम चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.२.४ मध्यमान र मानक विचलनका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको प्रश्नवाचक चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको प्रश्नवाचक चिह्न प्रयोग क्षमतालाई तालिका ३७ मा निम्नानुसार विश्लेषण गरिएको छ -

## तालिका - ३७

## प्रश्नवाचक चिह्न प्रयोग क्षमता

| लैङ्गिकता | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| पहिलो भाषी नेपाली | ५० | २.१६ | ०.८३ | ३१ | ६२% | १९ | ३८% |
| दोस्रो भाषी नेपाली | ५० | १.९ | ०.८५ | १५ | ३०% | ३५ | ७०% |

माथिको तालिका ३७ मा भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको प्रश्नवाचक चिह्न प्रयोग क्षमताको विश्लेषण गरिएको छ । जसमा पहिलो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान २.१६ र मानक विचलन ०.८३ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ३१ जना अर्थात् ६२ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने १९ जना अर्थात् ३८ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान १.९ र मानक विचलन ०.८५ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने १५ जना अर्थात् ३० प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने ३५ जना अर्थात् ७० प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

यसरी पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको प्रश्नवाचक चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा पहिलो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान २.१६ र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान १.९ रहेको पाइन्छ । यसअनुसार दोस्रो भाषी नेपाली विद्यार्थीहरूको तुलनामा पहिलो भाषी नेपाली विद्यार्थीहरूको प्रश्नवाचक चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी पहिलो भाषी नेपाली विद्यार्थीहरूको मानक विचलन

०.८३ र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मानक विचलन ०.८५ रहेको पाइन्छ । पहिलो भाषी नेपाली विद्यार्थीहरूको मानक विचलन कम भएकाले पहिलो भाषी नेपाली विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा समानता पाइन्छ । यसर्थ दोस्रो भाषी नेपाली विद्यार्थीहरुको तुलनामा पहिलो भाषी नेपाली विद्यार्थीहरूको प्रश्नवाचक चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.२.५ मध्यमान र मानक विचलनका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको अल्पविराम चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको अल्पविराम चिह्न प्रयोग क्षमतालाई तालिका ३८ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - ३८**

**अल्पविराम चिह्न प्रयोग क्षमता**

| लैङ्गिकता | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| पहिलो भाषी नेपाली | ५० | ०.५ | ०.६७ | ३० | ६०% | २० | ४०% |
| दोस्रो भाषी नेपाली | ५० | ०.४४ | ०.४९ | ३१ | ६२% | १९ | ३८% |

माथिको तालिका ३८ मा भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको अल्पविराम चिह्न प्रयोग क्षमताको विश्लेषण गरिएको छ । जसमा पहिलो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान ०.५ र मानक विचलन ०.६७ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क

प्राप्त गर्ने ३० जना अर्थात् ६० प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २० जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान ०.४४ र मानक विचलन ०.४९ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ३१ जना अर्थात् ६२ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने १९ जना अर्थात् ३८ प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

यसरी पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको अल्पविराम चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा पहिलो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान ०.५ र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान ०.४४ रहेको पाइन्छ । यसअनुसार दोस्रो भाषी नेपाली विद्यार्थीहरूको तुलनामा पहिलो भाषी नेपाली विद्यार्थीहरूको अल्पविराम चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी पहिलो भाषी नेपाली विद्यार्थीहरूको मानक विचलन ०.६७ र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मानक विचलन ०.४९ रहेको पाइन्छ । दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मानक विचलन कम भएकाले दोस्रो भाषी नेपाली विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा समानता पाइन्छ । यसर्थ पहिलो भाषी नेपाली विद्यार्थीहरुको तुलनामा दोस्रो भाषी नेपाली विद्यार्थीहरूको अल्पविराम चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.२.६ मध्यमान र मानक विचलनका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको अर्धविराम चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको अर्धविराम चिह्न प्रयोग क्षमतालाई तालिका ३९ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - ३९**

**अर्धविराम चिह्न प्रयोग क्षमता**

| लैङ्गिकता | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| पहिलो भाषी नेपाली | ५० | १.२८ | ०.६३ | ३१ | ६२% | १९ | ३८% |
| दोस्रो भाषी नेपाली | ५० | १.१६ | ०.७० | ३३ | ६६% | १७ | ३४% |

माथिको तालिका ३९ मा भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको अर्धविराम चिह्न प्रयोग क्षमताको विश्लेषण गरिएको छ । जसमा पहिलो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान १.२८ र मानक विचलन ०.६३ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ३१ जना अर्थात् ६२ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने १९ जना अर्थात् ३८ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान १.१६ र मानक विचलन ०.७० रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ३३ जना अर्थात् ६६ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने १७ जना अर्थात् ३४ प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

यसरी पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको अर्धविराम चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा पहिलो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान १.२८ र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान १.१६ रहेको पाइन्छ । यसअनुसार दोस्रो भाषी नेपाली विद्यार्थीहरूको तुलनामा पहिलो भाषी नेपाली विद्यार्थीहरूको अर्धविराम चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी पहिलो भाषी नेपाली विद्यार्थीहरूको मानक विचलन ०.६३ र

दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मानक विचलन ०.७० रहेको पाइन्छ । पहिलो भाषी नेपाली विद्यार्थीहरूको मानक विचलन कम भएकाले पहिलो भाषी नेपाली विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा समानता पाइन्छ । यसर्थ दोस्रो भाषी नेपाली विद्यार्थीहरुको तुलनामा पहिलो भाषी नेपाली विद्यार्थीहरूको अर्धविराम चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.२.७ मध्यमान र मानक विचलनका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको उद्गार चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको उद्गार चिह्न प्रयोग क्षमतालाई तालिका ४० मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - ४०**

**उद्गार चिह्न प्रयोग क्षमता**

| लैङ्गिकता | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| पहिलो भाषी नेपाली | ५० | २.४४ | ०.६९ | २२ | ४४% | २८ | ५६% |
| दोस्रो भाषी नेपाली | ५० | २.२६ | ०.५९ | ३३ | ६६% | १७ | ३४% |

माथिको तालिका ४० मा भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको उद्गार चिह्न प्रयोग क्षमताको विश्लेषण गरिएको छ। जसमा पहिलो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान २.४४ र मानक विचलन ०.६९ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क

प्राप्त गर्ने २२ जना अर्थात् ४४ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २८ जना अर्थात् ५६ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान २.२६ र मानक विचलन ०.५९ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ३३ जना अर्थात् ६६ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने १७ जना अर्थात् ३४ प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

यसरी पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको उद्गार चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा पहिलो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान २.४४ र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान २.२६ रहेको पाइन्छ । यसअनुसार दोस्रो भाषी नेपाली विद्यार्थीहरूको तुलनामा पहिलो भाषी नेपाली विद्यार्थीहरूको उद्गार चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी पहिलो भाषी नेपाली विद्यार्थीहरूको मानक विचलन ०.६९ र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मानक विचलन ०.५९ रहेको पाइन्छ । दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मानक विचलन कम भएकाले दोस्रो भाषी नेपाली विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा समानता पाइन्छ । यसर्थ पहिलो भाषी नेपाली विद्यार्थीहरुको तुलनामा दोस्रो भाषी नेपाली विद्यार्थीहरूको उद्गार चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.२.८ मध्यमान र मानक विचलनका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको योजक चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको योजक चिह्न प्रयोग क्षमतालाई तालिका ४१ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - ४१**

**योजक चिह्न प्रयोग क्षमता**

| लैङ्गिकता | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| पहिलो भाषी नेपाली | ५० | १.४४ | ०.६३ | २४ | ४८% | २६ | ५२% |
| दोस्रो भाषी नेपाली | ५० | १.३७ | ०.७१ | २५ | ५०% | २५ | ५०% |

माथिको तालिका ४१ मा भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको योजक चिह्न प्रयोग क्षमताको विश्लेषण गरिएको छ । जसमा पहिलो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान १.४४ र मानक विचलन ०.६३ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २४ जना अर्थात् ४८ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २६ जना अर्थात् ५२ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान १.३७ र मानक विचलन ०.७१ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने २५ जना अर्थात् ५० प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २५ जना अर्थात् ५० प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

यसरी पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको योजक चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा पहिलो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान १.४४ र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान १.२६ रहेको पाइन्छ । यसअनुसार दोस्रो भाषी नेपाली विद्यार्थीहरूको तुलनामा पहिलो भाषी नेपाली विद्यार्थीहरूको योजक चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी पहिलो भाषी नेपाली विद्यार्थीहरूको मानक विचलन ०.६३ र

दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मानक विचलन ०.७१ रहेको पाइन्छ । पहिलो भाषी नेपाली विद्यार्थीहरूको मानक विचलन कम भएकाले पहिलो भाषी नेपाली विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा समानता पाइन्छ । यसर्थ दोस्रो भाषी नेपाली विद्यार्थीहरुको तुलनामा पहिलो भाषी नेपाली विद्यार्थीहरूको योजक चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.२.९ मध्यमान र मानक विचलनका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको कोष्ठक चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको कोष्ठक चिह्न प्रयोग क्षमतालाई तालिका ४२ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - ४२**

**कोष्ठक चिह्न प्रयोग क्षमता**

| लैङ्गिकता | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| पहिलो भाषी नेपाली | ५० | १.५४ | ०.५७ | २१ | ४२% | २९ | ५८% |
| दोस्रो भाषी नेपाली | ५० | १.३ | ०.५७ | ३२ | ६४% | १८ | ३६% |

माथिको तालिका ४२ मा भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको कोष्ठक चिह्न प्रयोग क्षमताको विश्लेषण गरिएको छ । जसमा पहिलो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान १.५४ र मानक विचलन ०.५७ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क

प्राप्त गर्ने २१ जना अर्थात् ४२ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २९ जना अर्थात् ५८ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान १.३ र मानक विचलन ०.५७ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ३२ जना अर्थात् ६४ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने १८ जना अर्थात् ३६ प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

यसरी पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको कोष्ठक चिह्न प्रयोग क्षमताको विश्लेषण गर्दा पहिलो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान १.५४ र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान १.३ रहेको पाइन्छ । यसअनुसार दोस्रो भाषी नेपाली विद्यार्थीहरूको तुलनामा पहिलो भाषी नेपाली विद्यार्थीहरूको कोष्ठक चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी पहिलो भाषी नेपाली विद्यार्थीहरूको मानक विचलन ०.५७ र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मानक विचलन ०.५७ रहेको पाइन्छ । पहिलो भाषी नेपाली विद्यार्थीहरूको मानक विचलन र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मानक विचलन बराबर भएकाले यी दुबैले प्राप्त गरेको प्राप्ताङ्कको वितरणमा समानता पाइन्छ । यसर्थ पहिलो भाषी नेपाली विद्यार्थी र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको कोष्ठक चिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.२.१० मध्यमान र मानक विचलनका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको उद्धरण चिह्न प्रयोग क्षमता

यस अध्यायमा प्रस्तुत शीर्षकमा दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको उद्धरण चिह्न प्रयोग क्षमतालाई तालिका ४३ मा निम्नानुसार विश्लेषण गरिएको छ -

**तालिका - ४३**

**उद्धरण चिह्न प्रयोग क्षमता**

| लैङ्गिकता | कुल विद्यार्थी | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| पहिलो भाषी नेपाली | ५० | १.५६ | १.७२ | ३१ | ६२% | १९ | ३८% |
| दोस्रो भाषी नेपाली | ५० | १.३४ | १.१२ | ३१ | ६२% | १९ | ३८% |

माथिको तालिका ४३ मा भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको उद्धरण चिह्न प्रयोग क्षमताको विश्लेषण गरिएको छ । जसमा पहिलो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान १.५६ र मानक विचलन १.७२ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ३१ जना अर्थात् ६२ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने १९ जना अर्थात् ३८ प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैगरी दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान १.३४ र मानक विचलन १.१२ रहेको छ । तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ३१ जना अर्थात् १९ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने २५ जना अर्थात् ३८ प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

